छार्का ताङसोङ गाउँपालिकाको कार्यालय
ढाँडगाउँ, डोल्पा

छार्का ताङसोङ गाउँपालिकाको क्षमता विकास कार्ययोजना प्रतिवेदन

२०७६

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय
ढाँडगाउँ, डोल्पा

प्राक्कथन

नेपालका गाउँपालिकाहरुका विगतदेखिका विकासका प्रयासहरु केलाउदा के देखिन्छ भने गाउँपालिकालाई आधुनिक, समुन्नत गाउँ बनाउन दूरगामी सोच सहितको विभिन्न नीतिगत व्यवस्थामा आधारित आवधिक तथा बार्षिक योजनाहरु तर्जुमा सहित दूरगामी र महत्वाकांक्षी कार्यक्रम अगाडी सारिएको भएपनि योजना/परियोजना/कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्ध नेतृत्व, सक्षम जनशक्ति र आवश्यक साधन श्रोतको व्यवस्थापन हुन नसक्दा गाउँपालिकाहरुबाट अगाडी सारिएका सामाजिक, आर्थिक एवं भौतिक विकास प्रयासहरु जनस्तरका अपेक्षा पूरा गर्न र परिवर्तनका एजेण्डालाई सम्वोधन गर्न निकै पछाडी नै रहेको पाईन्छ । फलस्वरुप यतिका बर्षसम्म गरिएका पूँजीगत लगानी र बहुआयामिक विकास प्रयासका बावजूद गाउँपालिकाहरुले आफूलाई सुन्दर,सफा,वातावरणमैत्री एवं समुन्नत गाउँको रुपमा उभ्याउने संस्थागत र संरचनागत आधार निर्माण गर्न सकेको पाईदैन । विशेष गरी मानव संसाधन विकासको कमजोर संस्थागत क्षमता, प्राविधिक ज्ञान, सिर्जना, दक्षता, कार्यकुशलताको अभाव, कमजोर राजस्व प्रशासन तथा वित्तीय श्रोतको अपर्याप्तता एवं कमजोर कानूनी आधार नै मुलभूत कारणहरुको रुपमा अगाडी देखिन आउछ ।

गाउँपालिका एक स्वशासित तथा संगठित संस्था भएकोले आफ्ना साधन श्रोतहरुको प्रभावकारी उपयोग गर्नका लागि आवश्यक कानुनी कार्यविधि तथा विकास निर्माणका कार्यक्रम स्वयं निर्माण गर्न सक्ने अधिकार निहित रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहले आफूलाई प्राप्त अधिकारको आधारमा आफ्नो श्रोत साधन र क्षमतामा आधारित रहि कार्यक्रम संचालन गर्नु पर्ने प्रावधान राखिएको छ । स्थानीय तहले पहिले आफ्नो क्षमता र दक्षताको आंकलन गरी क्षमता अभिबृद्धी गर्ने कार्यलाई उच्च प्राथमिकता दिनु पर्ने रहेछ । छार्का ताङसोङ गाउँपालिकाले तदनुरुप नै आफ्नो संस्थागत क्षमता अभिबृद्धीका लागि एक सार्थक प्रयासको शुरुवाता गरेको हो भन्न सकिन्छ ।

छार्का ताङसोङ गाउँपालिकाको ३ वर्षे संस्थागत क्षमता अभिबृद्धी योजना तर्जुमाका लागि स्थानीय तहसंगको हाम्रो झण्डै एक दशक लामो अनुभवलाई उपयोग गर्न सक्ने अवसर र आधार उपलब्ध गराई दिनु भएकोमा प्रमुख प्रशासकीय अधिकृतजी प्रति हृदय देखि आभार प्रकट गर्दछु । साथै यो क्षमता अभिबृद्धी कार्ययोजना तयारीका लागि आवश्यक सवै किसिमका सहयोग ,रायसुझाव एवं सल्लाह उपलव्ध गराई सहयोग गर्नु हुने गाउँपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत श्री नारायण प्रसाद अधिकारी लगायत सवै शाखा प्रमुखहरु, कर्मचारीवर्गहरु, वडा समितिका कर्मचारीहरुलाई सवैलाई धन्यवाद दिन चाहन्छु ।

विषय सूची

विषय क्रम	विषय	पाना नंवर
	कार्यकारी सारांश	
१	पृष्ठभूमी	१
२	छार्का गाउँपालिकाको संक्षिप्त परिचय	२
३	गाउँपालिकाको जनसांख्यिक अवस्था	३
४	कार्ययोजना तर्जुमाको उद्देश्य	४
५	अपेक्षित प्रतिफल	४
६	कार्ययोजना तर्जुमाको लागि अपनाईएका विधि	५
७	कार्ययोजना तर्जुमाका सीमाहरु	६
८	क्षमता विकासका रणनीतिहरु	६
९	ऐन नियम तथा नीतिहरुको पुनरावलोकन र कानूनी आधार	७
१०	गाउँपालिकाको संगठनात्मक स्वरुपको अवस्था	२६
११	कर्मचारीको बृत्ति विकासको अवस्था	२७
१२	संस्थागत क्षमता विश्लेषण तथा चुनौतीहरु	२८
१३	प्रभावकारी कार्यसम्पादनका समस्याहरुको विश्लेषण	३०
१४	क्षमता विकास लेखाजोखा एवं आवश्यकता पहिचान	३३
१५	क्षमता विकास कार्यका लागि आगामी ३ वर्षे बजेट प्रक्षेपण	३३
१६	क्षमता विकास कार्यक्रमको स्वरुप र कार्ययोजना	३४

१७	क्षमता विकास योजनाको क्षेत्रगत रुपरेखाको आधार	३६
१८	अनुगमन,मूल्याँकन तथा प्रतिवेदन र समीक्षा	५६
१९	गाउँपालिकाको संस्थागत सुधार र सुदृढीकरणका सिफारिशहरु	५७
२०	उपसंहार	६१
अनुसूची		
१	गाउँ सभाको काम कर्तव्य र अधिकार	६२
२	गाउँपालिका पदाधिकारीको काम कर्तव्य र अधिकार	६७
३	छार्का ताङसोङ गाउँपालिकाबाट प्रदान गरीने सेवाहरु सम्वन्धी नागरिक बडापत्र	६८
४	छार्का ताङसोङ गाउँपालिकाको बर्तमान संगठनात्मक संरचना	६९
५	नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकारको सुची	७०
६	नेपालको संविधान बमोजिम संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सुची	७१
७	स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय तहको बडा समितिको काम,कर्तव्य र अधिकारहरु	७२
८	प्रतिवेदन तयारीका लागि अध्ययन गरिएका सन्दर्भ सामाग्रीहरुको सूची	७७

कार्यकारी सारांश (Executive Summary)

नयाँ गाउँपालिकाका नयाँ जनप्रतिनिधिले नेतृत्व गर्दा संरचनागत र प्रकृयागत आधार तयार गर्न र गाउँ विकासका आधारभूत सिकाईमा नै धेरै समय खर्चिनु पर्दा एउटा स्थापित गाउँको स्वरुपमा आउन ५ बर्ष पर्याप्त थिएन । झन २०५९ श्रावणदेखि २०७४ सम्म जनप्रतिनिधीको प्रत्यक्ष नेतृत्व नहुदा संगठनात्मक र संस्थागत रुपमा एक सक्षम, सबल र आत्मनिर्भर गाउँ बनाउन शुरु भएका प्रयासहरुको क्रमभंगताले गाउँविकासको गति मन्द र सुस्त हुन पुगेको आम बुझाई रहेको पाईन्छ भने जनप्रतिनिधिहरुको प्रबेश पछि केही राहतको महसुस भएको अनुभुती रहेको पाईन्छ ।

सामाजिक समावेशिता, शहरी गरीवी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास एवं श्रोत परिचालन जस्ता गाउँपालिकाको समग्र कार्यक्षमताका मुद्दाहरु उचीत सम्वोधन हुन नसक्दा गाउँपालिकाहरु राष्ट्रिय विकासको मूल प्रवाहमा तालमेल गर्न चुकेको अवस्था देखिन्छ । गाउँपालिकाले भौतिक विकासका पक्षहरुमा केही सुधार गरेको देखिएपनि शिक्षा, स्वास्थ्य, जस्ता सामाजिक जवाफदेहिता पूरा गर्न गरिएका प्रयासहरुले अपेक्षित गति लिन नसक्दा भौतिक विकास र सामाजिक विकास विचमा सामन्जस्यता कायम गर्न असफल देखिन्छ ।

अहिले वडास्तरबाट शुरु हुने योजना तर्जुमाको चरणका क्रममा मांग भएका तथा सिफारिश भएका योजनाहरु अध्ययन गर्दा के देखिन्छ भने बर्तमानमा उपलव्ध क्षमता, श्रोत साधन भन्दा कैयौ गुणा बढीका योजनाहरु सपनाका रुपमा अगाडी उभ्याईएका छन । गाउँ विकासका आधारको रुपमा ठोस र प्रत्यक्ष लाभ हुने खालका योजना छनौट हुन नसक्दा झिना मसिना र निहित स्वार्थ गासिएका समूहका अनुत्पादक योजनामा गाउँपालिकाको सीमीत श्रोतको ठूलो हिस्सा विनियोजन गर्नु परेको कारण कार्यबोझ बढेको, प्राविधिक रेखदेख लगायत अनुगमनका काममा धेरै समय खर्चिनु पर्ने साथै जनसहभागिता जुटाउन र पारदर्शीता कायम राख्ने चुनौती एकातिर छ भने अर्को तर्फ योजनाको ल.ई.तयार गर्ने, उपभोक्ता समिति गठन, योजना समझौता, सुपरिवेक्षण, मूल्यांकन, जाँचपास र फरफारकमा अत्यधिक समय लाग्ने र उपलव्ध सीमीत जनशक्ति समेत यस्तै काममा अल्झिनु पर्ने जस्ता कारणहरुबाट संचालित कार्यक्रम फलदायी बन्न

सकेका छैनन । मानव संसाधन प्रतिको कमजोर संस्थागत क्षमता, अपर्याप्त प्राविधिक तथा आर्थिक श्रोतहरुको कारण शुरु गरिएका राम्रा कामहरुप्रति पनि आमसमुदायको सकारात्मक धारणा रहेको पाउन कठिन देखिन्छ ।

जनप्रतिनिधी विहीन अवस्थामा मन्त्रालयले आवधिक योजना निर्माणको लागि निर्देशिका जारी गरे पछि गाउँपालिकाको आवधिक योजना निर्माणको कामले गति लियो । शहरी विकास तथा भवन निर्माण विभागको सहयोग एवं कतिपय साझेदार संस्थाहरुको सहयोग र गाउँपालिकाको ठूलो श्रोत लगानी गरि आवधिक योजना तर्जुमा भई गाउँपरिषदवाट स्वीकृत पनि गरीयो तर कार्यान्वयनमा आउदा दीर्घकालीन सोच, उद्देश्य , गन्तव्य सवै एकातिर र योजना कार्यक्रम अर्को तिर वगेको देखियो ।

आवधिक योजनाको स्वामित्व ग्रहण गर्ने संस्थागत नेतृत्वको अभावको कारण आवधिक योजना एक राम्रो र संग्रहणीय दस्तावेजमा सीमीत रहन पुग्यो । यस्को सिकाई के के रह्यो भने गाउँपालिकाले तर्जुमा गरेका धेरै नीति, रणनीति तथा योजनाहरु तर्जुमा गर्नु मात्र उपलव्धी होईन रहेछ, सो कार्यान्वयनका लागि प्रतिवद्ध, दक्ष, सक्षम, लगनशील, ईमानदार र व्यवसायिक मानवीय संसाधनको विकास र व्यवस्थापन नै पहिलो प्राथमिकता हुने रहेछ जुन कुरामा हाम्रा प्रयासहरु सधै पछाडी परेको कारण हामीले सधै सफलता भन्दा विफलता व्यहोर्नु परेको छ ।

आगामी दिनमा विकासका तीन मूलभूत श्रोतहरु मानवीय, वित्तीय र भौतिक श्रोतहरुलाई संगसंगै व्यवस्थापन र परिचालन गर्न सकेमा मात्र अपेक्षित उपलव्धि हासिल हुन सक्ने तथ्यलाई आत्मसाथ गरेर अगाडी बढनको लागि छार्का ताङसोङ गाउँपालिकाको यो ३ वर्षे क्षमता विकास कार्ययोजना एउटा बलियो आधारको रुपमा रहने विश्वास राखिएको छ ।

यो क्षमता विकास योजना तजुमा गर्दा सकेसम्म व्यवहारिक पक्षमा दैनिक सेवा प्रवाहमा प्रयोग गर्नु पर्ने विधि , प्रक्रियाका विषय बस्तु समेटेर काम गर्ने कर्मचारी , समुदायका व्यक्ति तथा पदाधिकारीलाई सशक्तिकरण गर्ने अवधारणामा प्रशिक्षणका विषय वस्तु समेटिएको छ । यो संस्थागत क्षमता अभिबृद्धी कायक्रम तर्जुमा गर्दा निकट भविष्यमा निर्वाचित जनप्रनितिधि आउन सक्ने संभावनालाई मध्यनजर राखेर जनप्रतिनिधिहरुको संस्थागत कार्यदक्षतामा सुधार ल्याउन आति आवश्यक अभिमुखीकरण, अनुशिक्षण तथा प्रशिक्षण कार्यक्रमहरु प्रस्तावित गरिएबाट पनि यो क्षमता विकास कार्ययोजना आगामी ३ वर्षको लागि एक बहुउपयोगी तथा तथ्यपरख दस्तावेजको रुपमा सर्वस्वीकार्य हुने विश्वास लिईएको छ ।

१. पृष्ठभूमि (Background)

नेपालको संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको खाका स्पष्ट निर्धारण गरेको छ । सबै तहका सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम गर्ने अवस्थाको परिकल्पना संविधानले गरेको छ । स्थानीय स्वायत्त शासन अन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक परिवर्तनको सुनिश्चितताकालागि स्थानीय सरकारको नयाँ स्वरुपमा रुपान्तरण हुने महा/उपमहा/नगरपालिका र गाँउ पालिकाहरुको भूमिका स्थानीय तहको रुपमा अग्रणी र निर्णायक रहने छ ।

विगत केही वर्ष देखि राष्ट्रिय बजेटको आकार बढे संगै सरकारले स्थानीय तहहरुलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा उल्लेख्य वृद्धि हुदै गएको छ । साथै स्थानीय तहहरुको आन्तरिक श्रोत परिचालनमा समेत कमशः बृद्धी हुदै गएको पाईन्छ । स्थानीय तहहरुको आन्तरिक र वाह्य श्रोतको आकार बढदै गएको भएपनि कार्य सम्पादन,सेवा प्रवाह लगायत समग्र क्षमतामा सुधार महसुस गर्न सकिएको पाईदैन । विद्यमान अवस्थामा भएका साधन श्रोतको सहि परिचालन हुन नसकेको कारण विकासको गति मन्द भएको र आशातित एवं अपेक्षित उपलब्धीहरु प्राप्त हुन नसकेको यथार्थबाट जिम्मेवार पक्ष विमुख हुन मिल्दैन ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा सरकारले स्थानीय तहहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय तहहरुको क्षमता विकासको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट क्षमता विकास कार्यविधि २०६६ जारी गरिए पछि संस्थागत रुपमा स्थानीय तहहरुबाट क्षमता विकासका क्षेत्रमा आफ्नै प्रयासबाट र विभिन्न साझेदारहरुको सहयोगमा विभिन्न प्रयासहरु हुँदै आएका भए पनि यी प्रयासहरु प्रभावकारी हुन नसकेको र अपेक्षित उपलब्धी समेत हासिल हुन नसकेको अवस्था रहेको छ ।

छार्का ताङसोङ गाउँपालिकाको गाउँ सभाबाट विभिन क्षेत्रगत नीतिहरु स्वीकृत गरेको र सो नीतिहरु परिपूर्तीको लागि क्षेत्रगत कार्यक्रम तर्जुमा , कार्यान्वयनका लागि मानव संसाधन विकास अपरिहार्य रहेको छ । क्षमता विकास कार्यक्रम मानव संसाधन विकासको मूल आधार हो । गाउँपालिकाको क्षमता विकास कार्यक्रम अर्न्तगत छार्का ताङसोङ गाउँपालिकाको ३ वर्षे क्षमता विकास कार्यक्रम तर्जुमा भएको छ ।

२. छार्काताङसोङ गाउँपालिकाको संक्षिप्त परिचय (Brief Introduction of Chharkatangsong)

नेपालको ६ नं. प्रदेश कर्णालीको १० जिल्लामध्ये तुलनात्मक रुपमा दर्गम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्ला समून्द्र सतहवाट न्यूनतम १५२५ देखि अधिकतम ७७५४ मिटरको उचाईसम्म फैलिएर रहेको छ । नेपाल राज्यको सुदुर पश्चिम भागमा अवस्थित डोल्पा जिल्लाका पुरातात्विक, धार्मिक एवं ऐतिहासिक महत्व बोकेको प्रमुख दर्शनिय स्थलहरुमा त्रिपुरा शुन्दरीको मन्दिर, छल मष्टा, गल्ली देउता, शे-गुम्बा, शे-फोक्सुण्डो ताल, शुलीगाडको झरना, तातोपानी मुहान, यार्सागुम्वा आदि हुन् । प्रशस्त सम्भावनाहरु हुँदाहुँदै पनि ठुला-ठुला उद्योगधन्दा, कलकारखाना स्थापना भइनसकेको र पर्यटन क्षेत्रको विस्तार पनि हुन नसकेको हुँदा अन्य छिमेकी जिल्लाहरुको जस्तै यस जिल्लाको पनि जिविकोपार्जन मुख्य आर्थिक आधार कृषि नै रहन गएको छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको कर्णाली प्रदेशमा अवस्थित हिमाली जिल्ला मकवानपुर एक हो । भौगोलिक विविधता हिमाल, पहाड, पाखा, पखेरा, खोल्सा, खोल्सी, खोंच र बेंसि तथा अन्य प्रकृति सम्पदाहरुले भरिएको यस जिल्लाको साविकका गा.वि.स.हरु मध्ये **छार्का ताङसोङ्ग गा.पा., छार्का र मुकोट गाविसलाई** समायोजन गरी छार्का ताङसोङ्ग गाउँपालिका गठन गरिएको हो ।

२०७३ सालमा गठित स्थानीय निकाय पूनःसंरचना आयोगले गरेको सिफारिस बमोजिम डोल्पा जिल्लामा २ वटा नगरपालिका र ६ वटा गाउँपालिकामा विभाजित भएको छ । ६ वटा गाउँपालिका मध्ये छार्का ताङसोङ्ग गाउँपालिका पर्यटन, यातायातका दृष्टिले

दुर्गम, जातजातिको हिसावले केहि बढि गुरुङ जातीको बाहुल्यता तथा अन्य सबै भोटे जातीको बसोबास रहेको दखिन्छ ।

कुल क्षेत्रफल ३४५.५८ वर्ग कि.मि. रहेको यस छार्का ताङसोङ्ग गाउँपालिका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले एक प्रमुख पर्यटकिय गन्तब्य गाउँ हो । पर्यटकिय गन्तब्यहरुको विविधकरण गर्दै नयाँ पर्यटकिय स्थल र उपजहरुको पहिचान विकास तथा पर्यटकिय पुर्वाधारहरुको विकास गरी पर्यटक उद्योगलाई एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ ।

३. जनसांख्यिक विवरण (Population, Households details)

यस गाउँपालिकाको कूल जनसंख्या १४५१ पुगेको छ । घरधुरी २८२ रहेको छ वडागत जनसंख्याको वडा नं १, मा ४२८ वडा नं २ मा १४९ , वडा नं ३ मा १६९, वडा नं ४ मा २०८ वडा नं ५ मा २९२ ,वडा नं ६ मा रहेको छ ।

४. क्षमता विकास योजना निर्माणको उद्देश्य (Objectives of the CD Plan)

छार्का ताङसोङ गाउँपालिकाको ३ बर्षे क्षमता विकास कार्ययोजना तर्जुमाका उद्देश्यहरु निम्न लिखित रहेका छन् ।

(क) हाल गाउँपालिकाको बिद्यमान कार्य जिम्मेवारीका आधारमा मौजुदा संगठनात्मक संरचना र जनशक्तिलाई आधार मानी सेवा प्रवाहमा देखिएको Gap पत्ता लगाई कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्न टेवा पुग्ने क्षमता विकास कार्ययोजना तर्जुमा गर्ने ।

(ख) गाउँपालिका अन्तर्गत विभिन्न तहको पदीय जिम्मेवारीमा रहि काम गरी रहेका कर्मचारीहरुलाई तोकिएको कार्य विवरण (Job Driscription) र सम्पादन गरी आएका कामहरुको आधारमा क्षमता विकास तालिम आवश्यकता पहिचान गर्ने ।

(ग) गाउँपालिकाले लिएका दीर्घकालीन सोच र गन्तव्य (Vision and mission) मा तथा गाउँसभाबाट स्वीकृत क्षेत्रगत नीतिहरुमा आधारित रहि भविष्यका चुनौतीलाई सामना गर्न सक्ने गरी मौजुदा जनशक्तिहरुको सीप र क्षमता अभिबृद्धी गर्न आवश्यक प्रशिक्षण कार्यक्रमहरुको पहिचान गर्ने ।

(घ) गाउँपालिकाको कामकारवाहीमा सहभागिता अभिबृद्धी गर्न गाउँपालिकाको कार्यहरुसंग सरोकार राख्ने लक्षित वर्ग र समुदाय स्तरको लागि क्षमता विकास कार्यक्रमहरु पहिचान गर्ने ।

५. अपेक्षित प्रतिफल (Expected Outcome)

(क) क्षमता विकास कार्ययोजना प्रतिवेदनको माध्यमले गाउँपालिकाले आफ्नो संगठनात्मक संरचनामा देखिएको खाडल पत्ता लगाई मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।

(ख) गाउँपालिकामा कार्यरत जनशक्तिको रुची,चाहना तथा कार्यसम्पादनको क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।

(ग) गाउँपालिकालाई मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलब्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ । साथै

(घ) क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि आन्तरिक श्रोतका साथै वाह्य श्रोत जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।

(ङ) गाउँपालिकामा कार्यरत जनशक्तिको क्षमता विकासकासाथै समुदाय र सरोकारवालहरुलाई गाउँपालिकाको कार्य सम्पादन र सेवा प्रवाहको अभिमुखीकरणको माध्यमले गाउँपालिकाको कामकारवाहीहरु पारदर्शी र जवाफदेही ढंगले सम्पादन भई जनविश्वासमा अभिबृद्धीको मार्ग प्रसस्त हुनेछ ।

६. क्षमता विकास योजना तर्जुमाको कार्यविधि (Methodology) :

छार्का ताङसोङ गाउँपालिकाको ३ वर्षे क्षमता विकास (Capacity Development) कार्ययोजना तयारी अध्ययनका क्रममा देहायका विधि र प्रक्रियालाई मुख्य आधार लिईएको छ ।

(क) गाउँपालिकाको प्रमुखको समेत जिम्मेवारी निर्वाह गरी रहेको प्रमुख प्रशासकीय अधिकृत एवं अधिकृतहरुसंग गाउँपालिकाको क्षमता विकासका मौजूदा समस्या तथा कर्मचारीका अपेक्षाका विषयमा छलफल सहित महत्वपूर्ण राय , सुझाव एवंम् पृष्ठपोषण प्राप्त गर्ने ।

(ख) गाउँपालिका कार्यालयका विभिन्न शाखा /उपशाखा प्रमुखहरु लगायत विभिन्न जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग तोकिए बमोजिम कार्यविवरण अनुसारका कार्यसम्पादनमा भोग्नु परेका कठिनाई र अपेक्षाका विषयमा छलफल गरी जानकारी संकलन गर्ने ।

(ग) गाउँपालिका अन्तर्गतका स्थापित सबै वडा कार्यालयहरुको स्थलगत भ्रमण गरी त्यहाँ कार्यरत वडा सचिव, सहायक कर्मचारी , सामाजिक परिचालक र नागरिक समाजका व्यक्तिहरुसंग छलफल तथा राय सुझावको माध्यमले क्षमता विकासका खाडल पत्ता लगाई वस्तुस्थितीको विश्लेषण गर्ने ।

(घ). गाउँपालिका कार्यालयको विगत वर्षको आयव्यय (बजेट) ,स्वीकृत कार्यक्रम , नीति तथा क्षमता विकासमा गरिएका प्रयासहरुको अध्ययन अवलोकन गरी यस क्षेत्रमा भएका प्रयासहरुको जानकारी लिने

(ङ) क्षमता विकास सम्बन्धमा स्थानीय निकायसंग सम्वन्धीत ऐन नियम , निर्देशिका तथा मौजुदा नीतिगत व्यवस्था र विभिन्न कार्यविधिहरुको अध्ययन तथा विगतमा तर्जुमा गरीएका क्षमता विकास प्रतिवेदनको निचोडको अध्ययन ।

७. कार्ययोजना तर्जुमाका सीमाहरु (Limitations of Preparing CD Plan)

गाउँपालिकाको समग्र क्षमता विकास कार्यक्रम तर्जुमा जस्तो गहन क्षेत्रको अध्ययनबाट अपेक्षा गरिए अनुसारका नतीजा प्राप्त गर्न विभिन्न चरणमा देखिने भौतिक, वित्तीय एवं जनशक्तिका सीमिततताबाट यो अध्ययन समेत अछुतो रहेको छैन । यस्तै छार्का ताङसोङ गाउँपालिकाको क्षमता विकास सम्वन्धी अध्ययन प्रतिवेदन तयारीका प्रमुख सीमाहरु यस अनुसार रहेको छ ।

क) गाउँपालिकाले क्षमता विकास कार्ययोजना तयारीको कार्य सम्पन्न गर्न विनियोजन गरेको वजेट परिधि भित्र अध्ययन कार्य अगाडी बढाउनु पर्ने सीमाका कारण यस क्षेत्रका उच्च दक्षता हासिल गरेका विज्ञ व्यक्तित्वहरु तथा अन्य सरोकारवालाहरुसंग श्रोतसाधन र समयसीमाको कारण विहंगम विचार विमर्श तथा छलफल कार्य गर्न संभव नहुनु पनि अध्ययनको सीमा रहेको छ ,

ख) गाउँपालिका भित्रका विभिन्न स्तरका सेवाग्राही वर्ग, टोल विकास संस्था , वडा नागरिक मञ्च तथा लक्षित वर्ग एवं अन्य प्रत्यक्ष, अप्रत्यक्ष सरोकार राख्ने सामाजिक संघसंस्थाहरु, नागरिक समाज , वित्तीय संस्थाहरुसंग श्रोत साधनको सीमीततताको कारण अध्ययन कार्यालयको परिधि भित्र सीमित रहेको छ ।

ग) क्षमता विकास कार्ययोजना तयारीका लागि आधारभूत रुपमा कर्मचारीहरु, समुदायका सदस्यहरु तथा आम जनमानसको बुझाईमा अझै तुँवालो नै रहेको पाइएकोले आफ्ना रुची, चाहनालाई खुलस्त रुपमा अभिव्यक्त नगर्दा अध्ययनकर्तालाई विषयको गहिराईमा

पुग्न र सबै सरोकारवालाको चाहनालाई सम्वोधन गर्न सकस हुनु पनि एक किसिमको सीमाको रुपमा अध्ययनकर्ताको हैसियतमा बुझिएको छ ।

८. क्षमता विकासका रणनीति

गाउँपालिका कार्यालय तथा वडा समितिको कार्यालयहरुबाट प्रदान गरीदै आएको सेवाहरु, गाउँस्तरीय भौतिक पूर्वाधार विकास कार्यक्रमहरु र सोसँग सम्बन्धित सरोकारवालाहरुको समग्र क्षमता विकासकोलागि क्षमता विकास कार्यविधि २०६६ बमोजिम एकीकृत क्षमता विकास कार्ययोजना तर्जुमा गरिएको छ । क्षमता विकासका रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।

- क्षमता विकास योजनाको माध्यमले स्थानीय विकास तथा सेवा प्रवाहसँग सम्बन्धित गाउँपालिका कार्यालय, वडा समिति कार्यालय , कर्मचारीहरु तथा सरोकारवालाहरुको संस्थागत विकास, मानव संसाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्यमूलमक सम्बन्धी विकास तथा कार्य वातावरणमा सकारात्मक परिवेश विकास गर्ने कुरामा विशेष ध्यान केन्द्रित गरिनेछ ।
- क्षमता विकास योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक समावेशिकरण (ZESI)को बुझाई र कार्यसम्पादनमा सुधारको अपेक्षा सहित क्षमता विकास हुने गरी योजना तर्जुमा गरिएकोले मन्त्रालयबाट जारी निर्देशिकाले परिलक्षित गरे अनुसार क्षमता विकास योजना पुरकको रुपमा प्रयोग गरिनेछ ।
- गाउँपालिकाले आफ्नो गाउँ क्षेत्र भित्र पर्नेका उपभोक्ता समिति, टोल विकास संस्था, वडा नागरिक मञ्च जस्ता सामुदायमा आधारित संस्था, नागरिक समाज तथा निजी सेवा प्रदायकहरुको क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गरी क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन र व्यवस्थापन गर्न आवश्यक सहयोग गर्नु पर्नेछ ।
- स्थानीय सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका बृद्धि गरिने तथा विकास कार्यक्रमहरुको कार्यान्वयनमा उपभोक्ता समिति, सामुदायिक संस्था तथा गैससको परिचालनलाई प्राथमिकता तथा विशेष जोड दिइनेछ
- क्षमता विकास योजनाहरुको प्रभावकारि कार्यान्वयनको लागि समन्वय ,सहजिकरण तथा अनुगमन गर्न संघिय मामीला तथ सामान्य प्रशासन मन्त्रालय जनशक्ति विकास शाखा, गाउँ विकास प्रशिक्षण केन्द्र, शहरी विकास तथा भवन निर्माण विभागको भूमीका महत्वपूर्ण हुनेछ ।
- क्षमता विकास कार्ययोजना कार्यान्वयनको प्रगति प्रतिवेदन स्थानीय विकास मन्त्रालय जनशक्ति विकास शाखामा. चौमासिक र वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

९. ऐन नियम, नीतिको पुनरावलोकन र अध्ययनको कानूनी आधार
(Review of Prevailing Acts, Regulations and Policies)

देशको मुल कानून संविधान भएकोले स्थानीय तह गठन सम्वन्धी संवैधानिक व्यवस्था, विद्यमान ऐन नियम बमोजिम प्रदत्त कानूनी अधिकार तथा कर्तव्यहरु, राज्यका नीति तथा स्थानीय निकायबाट अवलम्वन गरिएका नीतिहरु नै स्थानीय तह गठन तथा संचालनका मूल आधारहरु रहेका छन । यी कानूनी व्यवस्थाहरु कार्यान्वबयनको लागि स्थापित संगठनको चुस्तता र जनशक्तिको दक्षता अभिबृद्धी आवश्यक छ ।

९.१ नेपालको संविधान (२०७२) : २०७२ असोज ३ गते नेपालको संविधान जारी भए सगै मुलुकले संघीय गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको छ । यस अनुसार ३ तहको सरकार गठन हुनेछ । संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिका सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३० सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध र धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह वीचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा २१६ र धारा २२३ मा नगर कार्यपालिका र नगर सभा गठन सम्वन्धी व्यवस्था देहाय बमोजिम रहेको छ ।

धारा २१६. गाउँ कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था : (१) प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा गाउँ कार्यपालिकागठन हुनेछ । (२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् । (३) प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित गाउँ पालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन् ।

धारा २१८ अनुसार गाँउ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाँउ कार्यपालिका र नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था गरिएको छ ।

धारा २२३. गाउँसभाको गठन : (१) प्रत्येक गाउँपालिकामा एक गाउँसभा रहनेछ । (२) उपधारा (१) बमोजिमको गाउँसभामा गाउँ कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४)बमोजिम दलित व अल्पसंख्यक

समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन । (३) उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । (४) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ । (५) अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

त्यस्तै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची मार्फत प्रत्येक इकाईको अधिकार क्षेत्रहरु स्पष्ट गरिएको छ तथा स्थानीय निकायलाई अधिकार सहित साधन श्रोतको सुनिश्चितता गरिएको छ। यी संवैधानिक व्यवस्थाहरुबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्न र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जनाको स्पष्ट कानूनी आधार तयार भएको छ । यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । उल्लेखित संवैधानिक व्यवस्थाहरुबाट स्थानीय निकायहरु अब कार्यमूलक स्थानीय सरकारको रुपमा स्थापित हुन सक्ने स्पष्ट आधारहरु खडा भएका छन ।

९.२ स्थानीय सरकार संचालन ऐन, २०७४ :

यो ऐन स्थानीय तहहरुको एकीकृत ऐनको रुपमा जारी यस ऐन बमोजिम स्थानीय शासनका नीतिहरु देहाय अनुसार रहेका छन ।

क) स्थानीय तहहरुलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षपेण गर्ने ।

ख) स्थानीय तहमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने सस्थागत सयंन्त्र र कायर्गत सरंचनाको निमार्ण गरी विकास गर्ने ।

ग) स्थानीय तहहरुलाई सुम्पिएका काम, कर्तव्य र जिम्मेवारीहरु र जवाफदेही वहन गर्नकालागि आवश्यक पर्ने स्रोत साधनहरु सकंलन र परिचालन गर्ने अधिकार सुम्पने ।

घ) स्थानीय तहहरुलाई निक्षेपित कार्य गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुखगराउने।

ङ) स्थानीय नेतृत्वको विकास गर्नको निम्ति स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी सयंन्त्रको व्यवस्था गर्ने।

(च) दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने ।

गाउँ सभा, गाउँपालिका, प्रमुख , सचिवले गर्ने भनी स्थानीय सरकार संचालन ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारहरु यसै प्रतिवेदनको अनुसूची खण्डमा समावेश गरिएको छ ।

९.३ छार्का ताङसोङ गाउँपालिकाको क्षेत्रगत नीतिहरु (Sectoral policy Approved by Municipal Council) **गाउँ सभाबाट** स्वीकृत क्षेत्रगत नीतिहरु तल उल्लेख गरिए अनुसार रहेका छन । गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रम तर्जुमा गरी सोही आधारमा बजेट विनियोजन गर्दछ ।

विगत करिव दुई दशक देखि रिक्त स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य गर्दै गत वर्ष देखि यस छार्का ताङसोङ गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले गत आ.व. भै प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र आवश्यकताको आधारमा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छु ।

२. माथिल्लो डोल्पा क्षेत्रमा सडकको पुर्वाधार विकास गर्न निकै कठिन भए तापनि भौतिक पूर्वाधार नै विकासको मेरुदण्ड भएकाले यस गाउँपालिकालाई मुस्ताङ्ग र काईके गाउँपालिका सँग सडक जोड्न विशेष प्रार्थमिकता दिईने छ । यसको लागि आ.व.०७४।०७५ मा राखिएको डोजर खरिद तथा ढुवानीको काम सवै प्रक्रिया पुरा भई ल्याउने अवस्थामा विशेष परिस्थितीले गर्दा रुट प्रमिट आउन ढिला भई यो आ.व. समाप्त भएकोले यसै आ.व.०७५।०७६ मा ल्याई पुग्ने गरी वोलपत्रदातालाई म्याद थप गरी यसलाई निरन्तरता दिएको छु । यस क्षेत्रका जनताको आधारभुत आवश्यकता पुरा गर्न वजारको व्यवस्था भई पुँजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छ एवम् गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापित गर्दै झोलुंगेपुल निर्माणतर्फ ध्यान केन्द्रित गरि यसका लागि सम्वन्धित निकायमा आवश्यक पहल गर्नेछु यसको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३. छार्का ताङसोङ गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ । वर्षको ६/७ महिनासम्म हिउँ जम्ने, जनताहरु पनि मौसमी रुपमा बसाईँसराई गर्ने गरेको अवस्थामा यस क्षेत्रमा अनुकुल समयमा उत्पादन हुने आलु, गहुँ, उवा, फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।नेपाल सरकारले दिंदै आएको अनुदानको खाद्यान्न विगत लामो समयदेखि काठमाण्डौ देखि तिव्वत हुँदै माथिल्लो भोट क्षेत्रका जनतालाई वितरण गर्दै आएको भएतापनि यस गाउँ पालिकाका जनातलाई दुरीको हिसावले निकै टाढा भएको कारण त्यसको उपयोग गर्न पाएका छैनन् ।यस गाउँपालिका मुस्ताङ सँग नजिक रहेको हुँदा यस पालिकाले पाउने खाद्यान्न मुस्ताङ्ग हुँदै छार्का गाउँमा पुर्‍याई वितरण गर्न आवश्यक पहल गरिने छ । पशुपालनको रुपमा भेडा, च्यांग्रा तथा चौँरी गाईको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइ पशु पालनलाई व्यवसायीक रुपमा विकसित गर्न विशेष जोड दिईने छ यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४. छार्का ताङसोङ गाउँपालिकाको सम्पुर्ण क्षेत्र नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य हो । छार्का ताङसोङमा रहेका प्राचिन स्मारक तथा गुम्बाहरु, पुथा,मुकोट हिमालका पदमार्गहरु रहेका छन् । यस क्षेत्रमा रहेका ऐतिहासिक गुम्बाहरुको संरक्षण गरिनेछ । छार्काभोट हुदै शे फोक्शुण्डो धो तराप र मुस्ताङ आउने जाने स्वदेशी तथा विदेशी पर्यटकहरुको लागि पर्यटकीय मार्गहरुको वाटो सधार गर्ने ट्रेकिङरुटमा पदयात्रीहरुको जानकारीका लागि उचाई तथा क्षेत्र भ्रमण गर्दा अपनाउनु पर्ने सावधानी तथा पूर्व तयारीका वारेमा जानकारी सहीतका वोर्डहरु राख्ने कार्य गरिने छ यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

५. उर्जा क्षेत्रमा यस गाउँपालिका हाल सम्म सुन्यमा रहेकोले उर्जा प्रयोग मार्फत यस पालिकालाई समृद्ध वनाउन सम्पूर्ण दातृ सँस्था नेपाल सरकार,विद्युत प्राधिकरणलाई अनुरोध गर्ने र यस गाउँपालिकावाट पूर्व सम्भाव्यताको अध्ययन गरिने छ ।यो गाउँपालिका भौगोलिक विकटताले गर्दा जलविद्युत उत्पादन गरी सवै वडाहरुमा जडान गर्न निकै कठिनाई भएकोले वैकल्पीक उर्जाको लागि सोलार खरिद गरी केही वडाका घरधुरीलाई वितरण गर्ने काम आ.व. ०७४।०७५मा वोलपत्र आव्हान गरि खरिद प्रक्रिया अगाडी वढाईएकोमा विशेष परिस्थितीले गर्दा समयमै काम नसकिएकोले यो आ.व. ०७५।०७६मा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै वोलपत्र आव्हान गरी वा उपभोक्ता

समिति जुन प्रत्रियावाट छिटो र छरितो हुन्छ त्यही प्रक्रियावाट खरिद गरी वितरण गर्नका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

६. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । माथिल्लो डोल्पा सञ्चारविहीन भएको लामो समय भईसकेको छ । जडान भइसकेका ख्क्ब्ट प्रविधिका अधिकांश टेलिफोन केन्द्रहरु मर्मत गरी चालु अवस्थामा रहेका छन् । अव कम्तीमा पनि एउटा वडामा एउटा टेलिफोन जडान गर्नेतर्फ आवश्यक पहलकदमी गरिनेछ । आगामी दिनमा यस अघि नै विस्तार भएको हेलो नेपालको टावर सञ्चालन गर्न पहल गरिनुका साथै नेपाल टेलिकमको जिएसएम टावर राखी मोबाईल सेवा सुचारु गर्ने तर्फ समेत पहल गरिनेछ । यसका लागि नेपाल टेलिकम संग सहकार्य र समन्वय गरिने छ यसको लागि पनि आवश्यक वजेट विनियोजन गरेको छु ।

७. यस क्षेत्रमा रहेका अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ । यसको लागि विभिन्न योजना तथा कार्यक्रम गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

९. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयमार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै

समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा विभिन्न किसिमका कार्यक्रमहरु ल्याइनेछ ।

१०. यस क्षेत्रको जीवनबुटीको रुपमा रहेको महत्वपुर्ण जडिबुटी यार्सागुम्वा संकलन कार्यलाई थप व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ । यस समयमा यार्सागुम्बा संकलन गर्न जाने व्यक्तिहरुको सुरक्षा, स्वास्थ्योपचार लगायततर्फ ध्यान दिइनेछ । यार्सागुम्बाको व्यवस्थित वजारको खोजी गर्ने र उचित मुल्य प्राप्त गर्नका लागि पहल गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

११. यस गाउँपालिका क्षेत्रमा ६ वटा आधारभूत तथा एउटा निम्न माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। जस मध्ये २ वटा आधारभुत र एउटा निमावि आँशिक वैदेशिक अनुदानमा चलिरहेको पाइएको छ । यस क्षेत्रमा माध्यमिक शिक्षाका लागि विद्यालय नहुँदा समस्या सिर्जना भएकाले माध्यमिक विद्यालय खोल्नका लागि पहल गरिनेछ । यस क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई विद्यालयमा नै टिकाइराख्न विविध कार्यक्रमहरु ल्याइने छ । विद्यालयभन्दा वाहिर रहेका वालवालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ । शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालवालिकाको लागि आउने दिवा खाजा कार्यक्रम, वालमैत्री स्थानीय शासन कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

१२. जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि २ वटा, मात्र भएकोमा यस क्षेत्रमा स्वास्थ्य चौकि स्थापना गर्नका लागि पहल गर्नुका साथै स्थास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । भोट क्षेत्रमा आम्ची चिकित्सालाई प्रोत्साहन गरिनेछ ।

नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन, ग्रा.स्वा.का.हरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार र महिला स्वयम सेविकालाई सम्मान लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा नेपाल राष्ट्र वैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१४. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१५. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले यथासक्य प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ ।

१६. यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित

परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।

१७. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यस क्षेत्रमा वनजंगल नहुने, लामो समयसम्म हिउँ जमिरहने भएकाले यस क्षेत्रमा हुने खालका विरुवाहरु वृक्षारोपण गर्ने, सोको लागि संभाव्यता अध्ययन गर्ने, वोट विरुवाकाट्न नदिने, वनक्षेत्र विस्तार कार्यक्रमहरु सञ्चालन गर्ने, जंगली जीवजन्तुको अवैध हत्या, चोरी सिकारी तथा हाडखोडको अवैध पैठारीलाई रोक्ने, वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

१८. यस वर्षलाई छार्का ताङसोङ गाउँपालिकको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । गाउँपालिका क्षेत्रभित्रका लागि तय गरिएको राजश्व उठाउने तर्फ पनि उत्तिकै पहल गरिनुका साथै यस क्षेत्र हिउँदमा हिउँ जम्ने र वस्न नसकिने हुनाले आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

१९. अव म गत आ.व. २०७४।७५ मा सञ्चालन गरिएका कार्यक्रमहरु, सञ्चालित आयोजनाहरुको छोटकरी विवरण : यस छार्का ताङसोङ गाउँपालिकको गत वर्षहरुमा झै आ.व. ०७४/०७५ मा पनि राजश्व परिचालनको हिस्सा ज्यादै नै न्यून थियो । केन्द्रिय अनुदानबाट कार्यक्रमहरु सञ्चालित थिए । आ.व. २०७४।७५ मा यस छार्का ताङसोङ गाउँपालिकको समग्र पुँजीगत रकम रु. १०,५८,७६,३५०। र चालु रकम ३,५५,५७,०००। रुपैयाँ परिचालित भएको थियो । त्यस मध्ये शर्सत अनुदानको रु. १,६५,००,०००। निकासा नआएको र रु ३३,००,०००। खर्च हुन वाँकी रहेको कोलेनिका डोल्पामा फिर्ता गरिएको छ । जसबाट यस गाउँपालिकाका क्षेत्रभित्र ग्रामिण सडक, खानेपानी आयोजनाहरु,सिचाई आयोजनाहरु,जग्गा घेरावार,क्याम्पीङ साईड निर्माण,

काठेपुल निर्माण, धर्मशाला निर्माण, पर्यटन पदमार्ग निर्माण तथा मर्मत,गुम्वा मर्मत,विद्यालय घेरावार,पूव ंसम्भाव्यताको अध्ययन, अन्तर जिल्ला स्थानीय तहको पदाधिकारी र कर्मचारी अवलोकन भ्रमण,संयूक्त घुम्ती सेवा शिविर संचालन,कृषि तथा पशु तर्फ विभिन्न आवश्यक औषधी तथा सामाग्री वितरण, स्वास्थ्य तर्फ औषधी खरिद, औषधि ,स्वास्थ्य सँग सम्वन्धित विभिन्न किसिमको जनचेतनामुलक कार्यक्रम संचालन, जनप्रतिनिधी तथा कर्मचारीहरुको लागी क्षमता अभिवृद्धी हुने खालका कार्यक्रम,परम्परा रुपमा गरिने आम्ची उपचार विधिमा हुने उपचार गर्नको लागि औषधी खरिद तथा वितरण, गाउँपालिकामा साँस्कृतिक कार्यक्रम संचालन, खेलकुद कार्यक्रम ज्ञघ संचालन,, विद्यालयमा किताव ढुवानीमा अनुदान, छात्रवृद्धि वितरण जस्ता विधिन्न कार्यक्रम संचालन गरेका थिए ।तर वैकल्पीक उर्जाको लागि सोलार खरिद गरि वितरण गरिने काम र स्काईभेटर (डोजर) खरिदको प्रक्रिया अन्तिम चरणमा आई पुगेर पनि विशेष परिस्थितीले गर्दा यो आर्थिक वर्षमा पुरा हुन नसकेका कारण यो कार्यक्रमलाई आ.व. ०७५।०७६ मा पनि निरन्तरता दिई आ.व.०७५।०७६मा पुरा हुने छ । पुर्वाधार विकास कार्यक्रमअन्तर्गत यस गाउँपालिकाको एकिकृत, समावेशी र नतिजामुखी विकासका लागि केही समस्या र चुनौतीहरु विद्यमान छन्। जुन यस प्रकार रहेका छन् ।

- स्थानीय टोल, बस्ती र समुदायको परिचालन र सहभागिता बाटै सम्बोधन हुन सक्ने स-साना योजनाका मागहरु सम्बोधन गर्नुपर्ने अवस्था छ ।
- योजना छनौट प्रक्रियामा सचेतनाको अभावले प्रतिफल नदिने र अनुत्पादक क्षेत्रका योजनाहरु माग हुने विषयमा पर्याप्त सचेतना पुऱ्याउन सकिएको छैन ।
- जनसहभागितामा आधारित, सन्तुलित र न्यायोचित विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।
- निर्माण सामाग्रीहरु खरिद भन्दा ढुवानी धेरै लाग्ने भएकोले ढुवानी गर्न चुनौती भएको छ ।
- लक्षित समूहहरुमा जीवन-यापनका आधारभूत सीप प्रदान गरी आय-आर्जन वृद्धि गर्नेखालका कार्यक्रम छनौट र कार्यन्वयन गर्न चुनौती देखिएको छ ।
- सीमित स्रोत , साधन र भौगोलिक विकटताका कारण गाउँपालिकाको पूर्वाधार तयार गरी संस्थागत विकास तथा सुधार गर्न चुनौतीपूर्ण छ ।
- पूर्वाधारको अभाव तथा सेवा उद्योगको अभावमा पर्यटन प्रबर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ ।
- आयोजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्दै पारदर्शीता, जवाफदेहिता, सुशासन र आयोजना प्रति अपनत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

❖ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कर संकलन गर्न गरिवीका कारण आन्तरिक आय अपेक्षित रुपमा वृद्धि गर्नु चुनौतीपूर्ण छ ।

❖ गाउँपालिकाको क्षमता र जन अपेक्षा बीच ठूलो अन्तर रहेको छ ।

❖ विकट भुगोल, सडक विहीनता, सञ्चार विहीनता र प्रतिकुल मौसमका कारण विकास गतिविधीहरु सञ्चालन गर्न र अनुगमन र मुल्यांकन गर्नका लागि चुनौति रहेको छ ।

२०. अवसर सम्भावनाहरु : उल्लेखित समस्याहरुका बीच यस गाउँपालिकामा थुप्रै अवसर र सम्भावनाहरु विद्यमान छन् ।

❖ संविधान कार्यान्वयनको पहिलो पाइलाका रुपमा गाउँपालिका स्थापना भएको एक वर्ष नपुग्दै जनताको विकास प्रतिको उत्साह,अपेक्षा र उर्जा बढ्दो छ ।

❖ विगत लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भई स्थानीय तहको निर्वाचनपश्चात जनप्रतिनिधीहरुको पदवहाली भइसकेकाले जनमतअनुसार द्रुत गतिमा विकासका गतिविधिहरु सञ्चालन गर्ने साथै सोको जवाफदेहिता, पारदर्शिता कायम गरी सुशासन कायम गर्न सकिने सम्भावना रहेको छ ।

❖ स्थानीय तहमा नै योजना बनाई कार्यान्वयन हुने भएकाले आवश्यकता र मागमा आधारित विकासको सम्भावना बढेको छ । पर्यटन प्रवर्द्धन तथा पशुपालनको माध्यमबाट स्थानीय जनताको आयस्तरमा वृद्धि गरी गरिवी न्युनीकरण गर्ने तथा समावेशी र समतामुलक विकासको प्रचुर सम्भावना छ ।

❖ विगतमा अपेक्षित लाभ लिन नसकिएका यार्सागुम्वा, लगायतका बहुमुल्य जडिबुटीहरुहरु संकलन गरी वजारीकरण गर्नका लागि प्रचुर संभावना रहेको छ ।

❖ ट्रेकिङ रुट, पुथा,मुकोट हिमाल र विश्वको उच्च स्थानमा मानवीय वस्ती भएको छार्का भोट तथा प्राचिन गुम्बाहरु भएकाले पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना छ ।

२१. योजना तथा कार्यक्रमको उद्देश्य : आगामी आर्थिक वर्षको वार्षिक गाउँ विकास योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन् ।

❖ गाउँपालिकाको आर्थिक, सामाजिक, पर्यटकीय एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।

❖ गाउँपालिकामा रहेको चरम गरिबी न्यूनीकरण गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने,

❖ गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।

- सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादन मुलक बनाउने ।
- सामाजिक आर्थिक रुपमा पछाडि परेको वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।
- सभाध्यक्ष महोदय, अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।
- राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७५।०७६ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल ५ लाख राजश्व प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७५।०७६ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

२३. अनुमानित आय : मिति २०७५ साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०७५।०७६मा यस गाउँपालिकाको लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. ६ करोड प्राप्त हुनेछ । राजश्व वाँडफाँडमा रु.३ करोड हुनेछ । प्रदेश सरकारको वित्तिय समानीकरणमा रु ४७,७२,०००/- सट्चालिस लाख वहत्तर हजार र राजश्व वाँडफाँडमा रु २७,०००/- सत्ताईस हजार रहने छ । केन्द्रीय सरकारको बजेट वक्तव्यमा घोषणा भए अनुसार सशर्त अनुदानको रुपमा रु. २ करोड ५३ प्राप्त हुनेछ । उक्त सशर्त अनुदानको कार्यक्रम समेत प्राप्त भैसकेको छ । वहुक्षेत्रीय पोषण कार्यक्रममा रु. १२,००,०००/- र यस छार्का ताङसोङ गाउँपालिकाको संचितकोषमा रु. ३,५५,९२,१५२।४६ साथै संघीय सरकारको सामाजिक सुरक्षा भत्ता तर्फ अनुमानित रु.४५,००,०००/- अनुमान गरिएको छ । आगामी आ.व. २०७५।०७६ को लागि यस छार्का ताङसोङ गाउँपालिकाबाट परिचालित हुने कुल बजेट रु.१६,१६,१९,१५२।४६ हुने अपेक्षा गरिएको छ । यसमा आन्तरिक स्रोतवाट प्राप्त प्राप्त हुने रकम तथा जनसहभागिताको रकम समावेश गरिएको छैन ।

२४ . व्ययको अनुमान : यस वर्षको कुल बजेट रु. १६,१६,१९,१५२।४६ मध्ये चालुतर्फ जम्मा रु.१०,०९,४१,५००। करिव ६२.४६ (बैसट्ठी दशमलब छयालिस प्रतिशत) तथा पुँजीगत तर्फ रु.६,०६,७७,६५२।४६ करिव ३७.५४(सैतिश दशमलव चवन्न प्रतिशत) विनियोजन गरिएको छ । पुँजीगत तर्फका कार्यक्रमहरुमध्ये आर्थिक विकास अन्तर्गत रु. ६२,५०,०००।, सामाजिक विकासतर्फ रु.८५,००,०००।, पुर्वाधार विकास अन्तर्गत रु. २,०२,००,०००।,वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु.३४,५०,०००।, संस्थागत

विकास तथा सेवा प्रवाह तर्फ रु.३,३२,२७,६५२।४६ वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु.१२,००,००० । र आन्तरिक तर्फ रु.३,००,०००। आय-व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण संलग्न गरेको छु । आन्तरिक आयका सम्वन्धमा अनुमान अनुसार उठ्न सक्ने संभावना न्यून देखिएकोले उठेको रकम अर्को आ.व.को कुल वजेटमा समावेश गरी योजना तथा कार्यक्रम वनाईने निति लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

९.४ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९

यस कार्यविधिमा व्यवस्था भए अनुसार स्थानीय निकायहरुको क्षमता विकास कार्यक्रम तजुमा गर्नका क्षमता विकास खर्च शीर्षकबाट क्षमता विकास कार्यविधि, २०६६ को परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापहरू गाउँ सभाबाट स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ भन्ने उल्लेख गरिएको बमोजिम क्षमता विकासका लागि देहाय अनुसार क्रियाकलाप संचालन गर्न बजेट विनियोजन गर्न सकिने व्यवस्था गरिएको छ

(क) स्थानीय निकायको विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवम् अत्यावश्यक अध्ययन ,

(ख) स्थानीय निकायको संगठन संरचनाको अध्ययन, कार्यजिम्मेवारी किटानसम्बन्धी कार्यहरू । तर अध्ययन भएको पाँच वर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाइने छैन

(ग) स्थानीय निकायको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवम् संयन्त्रको तालिम, अवलोकन भ्रमण ,

(घ) स्थानीय निकायसँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी सस्था, निजी क्षेत्र, टोल विकास संस्था एवम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी क्रियाकलाप,

(ङ) स्थानीय निकायको आन्तरिक आय तथा स्रोतहरूको पहिचान, सम्भाव्यता अध्ययन, संकलन तथा व्यवस्थापन कार्य,

(च) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरूको क्षमता विकास,

(छ) गाउँ, नगर तथा जिल्लाभित्र बसोबास गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति,मधेसी, मुस्लिम, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारको क्रममा पीडित विपन्न परिवार, आर्थिक एवम् सामाजिक रूपले विपन्न वर्गसम्बन्धी गाउँ, नगर, गाउँ तथा जिल्ला स्तरीय संजाल, बालक्लवको क्षमता विकास तथा सीप विकाससम्बन्धी क्रियाकलाप,

(ज) स्थानीय निकायको क्षमता वृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री, उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

(झ) क्षमता विकास कार्यविधि, २०६६ को आधारमा स्थानीय निकायको क्षमता विकास सम्बन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरू,

(ञ) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरू, (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण) एवम् दस्तावेजहरूको तयारी,

(ट) मानव संसाधन विकास केन्द्र र सूचना तथा अभिलखे केन्द्र व्यवस्थापन,

(ठ) गाउँ, नगर तथा जिल्लामा विद्युतीय शासन प्रर्वद्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था,

(ड) प्राविधिक परामर्श, विशेषज्ञहरूको पारिश्रमिक, भत्ता,सेवा पद्रायकहरूको सूचीकरण र परिचालन,

(ढ) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरूले माग गरेका क्षेत्रहरू पूरा गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरू,

(ण) स्थानीय निकायको विकास निर्माण एवम् सेवा प्रवाहसगँ सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(त) विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(थ) विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन गरिने क्षमता विकास कार्यक्रमहरु ।

९.५ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम दोश्रो चरण (LGCDP II)

यस कार्यक्रमको कार्यक्रम दस्तावेजको संभाग (Component) मा उल्लेखित Output 5 को क्षमता विकास सम्वन्धी कार्यक्रमको अपेक्षित प्रतिफल यस अनुसार निर्धारण गरिएको छ ।

LGCDP Institutional and human resource capacities of LBs and central level agencies involved in local governance strengthened.

This output has to do with strengthening the institutional capacities and human resource capabilities of MoFALD, DoLIDAR, LBFC, local bodies, line agencies and other local governance actors. This includes actions aimed at implementing organizational, procedural and process reforms. For local bodies, capacity building activities will be partly guided by the outcomes of MCPM assessments.

बर्ष २०१७/१८ को लागि स्वीकृत वार्षिक रणनीतिक कार्यान्वयन योजना दस्तावेजमा स्थानीय निकाय र स्थानीय स्वशासनमा संलग्न केन्द्रीय निकायहरुको क्षमता अभिबृद्धी सम्वन्धमा संचालन गरीने मुख्य मुख्य कियाकलापहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।

- जिल्ला विकास समितिको सट्टा नयाँ गाउँपालिकाहरुको क्षमता विकासका कार्यहरुमा ध्यान दिने , साथै गाविस तथा गाउँपालिकाहरुको आपूर्ती पक्ष (Supply side) को क्षमता अभिबृद्धीमा ध्यान दिने,
- कर्मचारीहरुको व्यक्तिगत सूचना प्रणाली (Personnel Information System) को स्थापना र संचालनमा टेवा पु-याउने । नियुक्ति ,सरुवा ,पदस्थापना, बढुवा, अवकाश जस्ता व्यवस्थापकका लागि आवश्यक सूचना सहज उपलव्ध भई जनशक्ति व्यवस्थापनमा सहयोग पुग्न जाने ।
- जनशक्तिको कार्यबोझको विश्लेषण गर्ने तथा कार्य सम्पादनको मूल्यांकन गर्ने ,
- जनशक्तिको सीप , क्षमता , ज्ञान अभिबृद्धीमा टेवा पुग्ने कार्यक्रम संचालन गर्ने ।
- प्रशंसनीय दृष्टिकोणको विकासमा जोड दिने ,
- वित्तीय जोखिम न्यूनीकरणमा सहयोग पुग्ने कियाकलापहरु संचालन गर्ने ,
- परिवर्तनका सिद्धान्तहरु, परिणाममा आधारित व्यवस्थापन, नेतृत्व विकास जस्ता विषयहरुमा क्षमता विकासका कार्यहरु संचालन गर्ने,
- निर्वाचित प्रतिनिधीको अनुपस्थितीमा निर्णय प्रकृया र सेवा प्रवाहमा सहयोग पुग्ने खालका कियाकलापहरु संचालन गर्ने ,
- Media Promotion का कामहरु संचालन र संस्थागत गर्न टेवा पु-याउने । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनवाई लाई प्रभावकारी बनाउन मिडियाको भूमीका विस्तार गर्ने ,
- सूचना तथा विद्युतीय शासन पद्धतीलाई संस्थागत र सुदृढीकरण गर्ने एवं नागरिक बडापत्रलाई Digital प्रणालीमा लैजाने ,
- सूचनाको हक सम्वन्धी अभिमखीकरण प्रशिक्षणको माध्यमले सूचनाको हकलाई प्रजातन्त्र, उत्तरदायी शासन एवं समावेशी विकासको आधारको रुपमा संस्थागत गर्ने , आदि ।

१०. **गाउंपालिकाको बर्तमान संगठनात्मक स्वरुप** (Orgnizational Structure)

यस गाउँपालिकाको बर्तमान संगठन संरचना एवं जनशक्ति सम्वन्धमा समय सापेक्ष सुधारको लागि वाह्य परामर्शदाताकाट Organization Develiopment (OD) को अध्ययन गराएको र सो अध्यययन प्रतिवेदनमा आधारित रहि गाउँपालिकाले आफ्नो संगठनात्मक संरचना तथा दरवन्दीमा पुनरावलोकन गरी नया दरवन्दी स्वीकृत गरेको देखिन्छ ।

गाउँपालिकाको स्वीकृत संगठन संरचना भित्र स्थापना गरिएका विभिन्न शाखा, उपशाखा र इकाईहरुबाट गाउँपालिकाले दैनिक सेव प्रवाह लगायतका गाउँ स्तरीय विभिन्न किसिमका शहरी पूर्वाधार विकास एवं निर्माणका कामकाज संचालन गर्दै आएको छ । यस गाउँपालिकाले ६ वटा वडा कार्यालयहरु स्थापना गरी स्थानीय सेवाग्राहीहरुलाई दैनिक सेवा प्रवाहको व्यवस्था मिलाईएको छ ।

११. **कर्मचारीको बृत्ति विकास** (Career Development) **को अवस्था**

क) स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार नै कर्मचारीको कार्य सम्पादन मूल्यांकन फाराममा उल्लेखित सम्पादिन कामको विवरण, गुण तथा चरित्र शिर्षकमा विभिन्न ११ उपसूचकमा आधारित रहि कार्य सम्पादन मूल्यांकन गर्ने गरिएको छ । गाउँपालिकाले आफ्नो अलग विनियमाली कार्यान्वयनमा नल्याएकोले कर्मचारीको मूल्यांकनका आधारहरु सुस्पष्ट तथा सूचकमा आधारित बनाउन सकिएको देखिदैन । यो परम्परामा आधारित मूल्यांकन प्रणाली हो भन्न सकिन्छ ।

ख.) विभिन्न पद तथा श्रेणीमा कार्यरत कर्मचारीहरुको लागि कार्यविवरणमा उल्लेखित कार्य सम्पादनमा सहयोग पुग्ने खालका तालिम कार्यक्रमहरु गाउँपरिषदबाट अलग कार्यक्रमका रुपमा स्वीकृत गरी संचालन भएको देखिएन । बेला बेलामा विभिन्न तहका कर्मचारीहरुलाई अल्पकालिन अनुशिक्षण तथा प्रशिक्षण दिइएको भए पनि कर्मचारीहरुको सिकाई र कार्यसम्पादनमा प्रत्यक्ष परिणाम ल्याएको कर्मचारी स्वयंले अनुभूती गर्न सकेको पाईएन ।

ग.) केही अधिकृत स्तरका कर्मचारीले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न तालिम तथा अध्ययन भ्रमणमा सहभागी हुने अवसर प्राप्त गरेको भएता पनि त्यस्ता अवसरलाई कर्मचारीले Exposure को रुपमा मात्र ग्रहण गर्ने गरेको । यसबाट निजहरुको कार्यसम्पादनमा ठूलो परिवर्तन आएको छ भन्ने अवस्था नरहेको ।

घ) यस गाउँपालिकाको क्षमता विकास कार्ययोजना तर्जुमा भएको भए पनि सो कार्ययोजनाको कार्यान्वयन प्रति व्यवस्थापन प्रतिवद्ध रहि आवश्यक श्रोत विनियोजन गर्न नसक्दा सो क्षमता विकास कार्ययोजना कागजी दस्तावेजको रुपमा मात्र सीमीत हुन पुग्यो । गाउँ सभा बाट पारित बजेट तथा कार्यक्रम अध्ययन गर्दा जनशक्तिको क्षमता विकासको

लागि अलग कार्यक्रम र बजेटको व्यबस्था गरेको देखिएन । फलस्वरुप गाउँपालिकाले मानव संसाधनको विकासको अवसर गुमाएको छ ।

ङ.) समग्रमा कर्मचारीहरुको मूल्यांकन बस्तुपरख र यथार्थतामा आधारित रहि हुने नगरेकोले काम प्रतिप्रतिवद्ध र कामै नगर्ने विचमा विभेद हुन नसक्दा पुरस्कार र दण्ड (Reward and Punishment) प्रणाली प्रभावकारी हुन नसकेको । कर्मचारीहरुलाई कामप्रति प्रोत्साहित तथा समर्पित हुन आवश्यक उत्प्रेरणा जगाउने प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यक्रमहरुको अभाव देखिएको ।

च) कर्मचारीले जुन पदको नियुक्ति पाउछ सो पदमा रहि सम्पादन गर्नु पर्ने जिम्मेवारीका विषयमा कुनै पनि आधारभूत प्रशिक्षण वा अभिमुखीकरण विना आफैले सिकेर जानेर काम गर्नु पर्ने परिपाटी विद्यमान रहेको कारण कर्मचारीको ज्ञान र सीपमा प्रभावकारीताको कमि रहेको छ ।

छ) विषय वस्तुको ज्ञान र विज्ञतासंग कार्यसम्पादनको तालमेल रहेको छैन । सहायक कर्मचारी को शाखा वा वडा कार्यालयमा सरुवा हुने परिपाटीले सवै कर्मचारी सवै क्षेत्रको ज्ञाता रहनु पर्ने अवस्था देखिन्छ ।

१२. **संस्थागत क्षमता विश्लेषण एवं चुनौतीहरु** (Institutional Capacity Assessment and challenges)

छार्का ताङसोङ गाउँपालिकालाई सक्षम सबल र गतिशील गाउँपालिकाको रुपमा अगाडी बढाउन तथा आम गाउँवासिलाई गाउँपालिकाबाट उपलब्ध गराउनु पर्ने सेवा सुबिधाहरु छिटो छरितो एवं प्रभाबकारी रुपमा उपलब्ध गराउन देखिएका प्रणालीगत र संस्थागत क्षमताका चुनौतीहरुको पहिचान निम्न बमोजिमका गरिएको छ ।

क) कार्यविधिहरुमा उल्लेखित व्यबस्था अनुरुप सामाजिक एवं आर्थिक विकासका कार्यहरु संचालन गर्न तथा प्रभावकारी रुपमा बर्तमान मांग र आवश्यकतालाई सम्वोधन गर्ने गरी सेवा प्रबाह गर्न गाउँपालिकाको मौजुदा संगठन संरचना एवं जनशक्ति आवश्यकता यथार्थतामा आधारित रहि समयानुकुल परिमार्जन हुन नसकेको ।

ख) साबिक स्थानीय निकायको विगत १५ वर्ष देखि निर्बाचन हुन नसकेको कारण यस पुर्ब राजनीतिक नेतृत्वको अभाबमा गाउँपालिकाको संगठनात्मक, संरचनागत तथा प्रशासनिक सुधारको गति सुस्त भई श्रोत साधन परिचालन, व्यवस्थापनमा अपेक्षित सुधार हुन नसकेको ।

ग) स्थानिय तहको निर्बाचन पुर्ब कार्यकारी अधिकृतले जनप्रतिनिधीको अनुपस्थितीमा निर्बाचन पुर्ब स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार गाउँपालिका बोर्ड, गाउँ

परिषद र गाउँ प्रमुखको समेत भूमीका निर्वाह गर्नुपर्दा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, नीति निर्माण, कार्यालय व्यवस्थापन, गुनासो सुनवाई, संगठनात्मक सुधार, जनशक्ति व्यवस्थापन लगायतका जनप्रतिनिधिको भूमीका र प्रशासकीय कामको कार्यबोझको अत्यधिक बढन गई समग्र गाउँपालिकाको कार्यदिशा नै अलमलिएको छ भन्न सकिन्छ ।

घ) निर्वाचित जनप्रतिनिधी विहीन अवस्था विगत १५ वर्ष देखि निरन्तर रहेकोले गाउँपालिकामा राजनीतिक नेतृत्वसंग मिलेर निश्चित गन्तव्य र उपलव्धिको लागि काम गर्ने कर्मचारीको सोच र व्यवहारमा ज्यादै ठूलो परिवर्तन आएको कारण नियन्त्रण र सन्तुलन धेरै हदसम्म भत्किएको हुदा Chain Of Command को अवस्था कमजोर देखिन्छ ।

ङ) जसरी राष्ट्र विकासको लागि स्थिर सरकार पूर्वशर्त मानिन्छ त्यस्तै गाउँपालिकाको समग्र विकासको लागि स्थिर नेतृत्व अपरिहार्य हुन जान्छ । निर्वाचित जनप्रतिनिधि ५ वर्षको लागि निर्वाचित हुने भएकोले गाउँपालिकाले तर्जुमा गरेका गुरुयोजना, आवधिक योजना तथा नीतिहरु कार्यान्वयन गर्ने , समीक्षा गर्ने , परिमार्जन गर्ने , जस अपजस लिने र जनता प्रति जवाफदेही रहनु पर्ने नैतिक जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ । प्रमुख प्रशासकीय अधिकृत नेपाल सरकारको ईच्छा र निर्णयानुसार खटी आउने भएकोले प्राय कार्यकारी अधिकृत हाल प्रमुख प्रशासकीय अधिकृत को फेरबदल भएको अवस्थामा गाउँपालिकाले तर्जुमा गरेका आवधिक योजना लगायत नीतिगत र संस्थागत सुधारका कुराहरु दस्तावेज सीमीत हुन पुगेका छन । यस्को स्वामित्व ग्रहण तथा जिम्मेवारी वहनवाट पूरै विमुख भएको प्रायः भेटिन्छ ।

च) देशमा विगत एक दशक देखिको निरन्तर राजनीतिक परिवर्तन, द्रूत गतिमा भएको सूचना प्रविधिको विकास र सहज पहूँचको कारण आम मानिसको परम्परागत धारणा र सोचमा पनि आमूल परिवर्तन ल्याएको महसुस गर्न सकिन्छ । अब सार्वजनिक निकायहरुले आफुलाई जनताको चाहना र मांग सम्वोधन गर्न सक्ने हैसियतमा उभ्याउनका लागि समयानुकुल प्राबिधिक ज्ञान आर्जन गर्ने र परिवर्तनकनको वेगमा वग्न सक्ने र सेवाग्राहीको चाहना अनुसार सेवा दिन सक्षम कर्मचारीतन्त्र विकास गर्नु अपरिहार्य भएको ।

छ) गाउँपालिका एक स्वशासित तथा संगठित संस्था भए पनि आन्तरिक आम्दानीको ठूलो हिस्सा तलव भत्ता तथा प्रशासनिक खर्च भई रहेको अवस्था विद्यमान देखिन्छ । गाउँपालिकाको विकास निर्माणको लागि आवश्यक श्रोत साधनको आधार केन्द्रिय अनुदान रहेबाट पनि गाउँपालिका आर्थिक रुपमा परनिर्भर भएसम्म स्वशासित भन्ने कुरा कानूनी भएपनि व्यवहारमा स्वशासित हुन सक्दैनन । अतः आन्तरिक श्रोतसाधनको लागि सक्षम र सवल राजस्व प्रशासन शाखा र सो अनुरुप दक्ष जनशक्तिको अभाव यस गाउँपालिकामा पनि टडकारो रुपमा देखिन्छ ।

ज) सेवा प्रवाहको काममा छिटो, छरितापन तथा प्रभावकारिता ल्याउन ईमेल ईन्टरनेट, वेभसाईट, कम्प्युटर, फ्याक्स मेसिन जस्ता बिद्युतीय प्रणालीबाट संचालित उपकरणहरुको प्रयोगमा भई रहेको भए पनि सवै वडा कार्यालयहरुमा यस किसिमको सुविधा तथा सेवा विस्तार नभएको कारण सेवा प्रबाहमा एकरुपता नदेखिएको ।

झ) कार्य जिम्मेवारी र कार्यबोझको यथार्थ विश्लेषण हुन सकेको देखिदैन । प्रत्येक बर्ष कामको मात्रा र चाप बढ्न गएकोले जनशक्ति नपुग भएको भनिए पनि वास्तवमा कुन कामको लागि कस्तो दक्षता र योग्यता भएको जनशक्ति नपुग भएको हो सोको लेखाजोखा भएको पाईदैन । गाउँसभाबाट दरवन्दी पुनरावलोकन तथा थपघट निर्दिष्ट दरबन्दी स्वीकृतीका आधार अनुसार नभई तत्कालको आवश्यकता सम्वोधन गर्न र कार्यरत कर्मचारीहरुको सुझाव सल्लाह एवं रुचीमा हुने गरेको देखिन्छ ।

ञ) गाउँपालिकाको संगठनात्मक संरचनामा आन्तरिक लेखा परिक्षण शाखा स्थापना भई अधिकृत छैठौं तहका आ.ले.प.अधिकृत कार्यरत रहेका छन । गाउँपालिकाको आय व्यय (विनियोजनको आधार)को चौमासिक रुपमा आ.ले.प हुने गरेको छ । गाउँपालिका कार्यालय र वडा कार्यालयबाट संकलन हुने राजस्व आय तर्फको आ.ले.प.अहिलेसम्म आ.ले.प.शाखाबाट हुने गरेको देखिएन । गाउँपालिकाबाट हुने विभिन्न शिर्षक अन्तर्गत गरीने सेवा तथा बस्तुको भुक्तानी दिदा पूर्व लेखापरिक्षण पद्धती अवलम्बन गरेका पाईएन ।

ट) स्वीकृत गाउँपालिकाको बर्तमान संगठनात्मक संरचना कर्मचारीहरुको बुझाईमा सो अध्ययन गाउँपालिकाको आवश्यकता र कर्मचारीको भावनालाई प्रतिविम्वित गर्ने किसिमको हुन नसकेकोले यो अध्ययन प्रतिवेदन मांगलाई सम्वोधन गर्ने भन्दा पनि आपूर्ती पक्षबाट ल्याईएकोले आम कर्मचारीहरु सन्तुष्ट देखिदैनन् । फलस्वरुप स्वामित्वको अनुभूती हुन नसकेको स्पष्ट रुपमा पाईन्छ

ठ) कार्यालय भित्र आन्तरिक संचार तथा व्यवस्थापनको पक्ष पनि कमजोर रहेको कर्मचारीहरु नै स्वीकार गर्दछन । नियमित मासिक वैठक हुने गरेको भए पनि सो वैठकमा सहायक कर्मचारीहरुको भूमीकाले संगठनलाई प्रभावकारी बनाउन र कार्यालयबाट हुने निर्णय प्रकियामा योगदान छ भन्न सकिन्न ।

१३. गाउंपालिकाको प्रभावकारी कार्य सम्पादनका समस्याहरुको विश्लेषण :

(Problem Analysis on Effective Work Performance of Municipality)

- केन्द्रमा छिटो छिटो राजनीतिक नेतृत्व परिबर्तन भएसंगै गाउँपालिका प्रमुखको समेत जिम्मेवारी निर्वाह गर्नु पर्ने प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो हेरफेर भई रहदा सोको असर गाउँपालिकाको दीर्घकालीन सोच, नीति निर्माण, योजना कार्यक्रम कार्यान्वयन लगायत समग्र सेवा प्रवाह र कार्य सम्पादनमा पनि देखिने गरेको छ ।

- गाउँपालिकाबाट संचालन गरीने भौतिक विकासका कामहरु प्रायः उपभोक्ता समिति मार्फत संचालन हुने भएपनि ठूला लागत र संरचनाका कामहरु ठेक्कापट्टा मार्फत गरीने प्रक्रियालाई निर्णय गर्दा सम्म धेरै समय लाग्न जाने कारण तोकिएको समयमा कार्य सम्पन्न गर्न विभिन्न कठिनाई व्यहोर्नु पर्ने ।
- सुचनाको हक सम्वन्धी कानुन अनुसार सूचना प्रबाहको आधार र प्रकृया प्रभाबकारी बनाउन नसकिएको हुदा सरोकारवाला र आम समुदायले खोजेको र मागेको सुचना समयमा पाउन नसकेको ।
- गाउँपालिकाले सम्पादन गर्नु पर्ने विभिन्न जिम्मेवारीहरुमा सरलता र सहजताको लागि आफ्नै आवश्यकता र पहलमा तर्जुमा गर्नु पर्ने विभिन्न विषयसंग सम्वन्धी विनियम ,कार्यबिधि, निर्देशिका परिमार्जन र निर्माण गर्न नसक्दा दैनिक कार्य संचालन र सेवा प्रवाहमा ब्यबहारिक कठिनाई रहने गरेको ।
- गाउँपालिकाको जिम्मेवारीको दायरा व्यापक रहेको , बढदो जनसंख्या , बसाई सराई र अव्यवस्थित शहरीकरणले सवै क्षेत्र र विषयलाई सीमीत श्रोत साधन तथा जनशक्तिको कारण Coverage गर्न नसक्दा नागरिक सन्तुष्टिको क्षेत्र कमजोर रहेको ।
- समावेशि विकासको अवधारणालाई व्यवहारमा लागु गर्न समाजका मूलधारमा नआएका तथा आर्थिक सामाजिक रुपले पिछडिएका वर्गको विकासको लागि लक्षित बर्ग विकास कार्यक्रममा निश्चित प्रतिशत बजेट छुट्टयाउनु पर्ने अनिवार्य प्रावधान भए पनि विगत ५ वर्ष देखि संचालित कार्यक्रम र समुदायको अवस्था गहन रुपमा अध्ययन गर्ने हो भने अहिलेको जस्तो कार्यक्रमहरुवाट उनीहरुको सामाजिक र आर्थिक हैसियतमा परिबर्तन अनुभूती गर्न दसकौ कुर्नु पर्ने हुन सक्छ ।
- स्थानीय स्वायत्त शासन ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरुको भावना र मर्म अनुसार स्थानीय निकायबाट संचालन गरीने र सम्पादन गरीने हरेक क्रियाकलापहरुका हरेक तहमा जनताको अर्थपूर्ण सहभागिताको जस्तो अवधारणा राखिएको छ सो स्तरमा प्रवुद्ध नागरिकहरुको सहभागिता हुने नगरेको कारण स्थानीय निकायहरुको कामकारवाहीमा भौतिक रुपमा सहभागिता देखिए पनि सो अर्थपूर्ण हुने गरेको छ भन्न सकिने अवस्था पाईदैन ।
- आधुनिक तथा समुन्नत गाउँ निर्माणको क्रममा गाउँपालिकासंग सहकार्य गरी प्राविधिक तथा आर्थिक सहयोग जुटाई गाउँपालिकाको आर्थिक, सामाजिक, वातावरणीय , भौतिक पूर्वाधार तथा मानव संसाधन विकासमा सहयोग पुऱ्याउने खालको सरकारबाट वा दातृ निकायबाट संचालन भएका विशेष कार्यक्रम नभएकोले गाउँपालिकाको सीमीत श्रोतसाधनबाट संचालित कार्यक्रमहरुबाट अपेक्षित नतीजा र सन्तुष्टि प्राप्त हुन सक्ने अवस्था नरहेको ।

- गाउँपालिकाले हाल विभिन्न किसिमका कम्प्युटर सफ्टवेयर निजी क्षेत्रसंग खरीद गरी संचालनमा ल्याई रहेको छ । यस्ता मुख्य Software मा Account Software, Revenue Software, Planning Software, Procurement Record Software Install गरिएका छन । मन्त्रालयबाट प्रमाणीकरण नभएका तर वाध्यतामा बजारबाट खरीद गरी विगत एक दशक देखि कामचलाउदै आईएका यस्ता Software ले बर्तमा कार्यसम्पादनमा सहयोग गरी नै रहेको भएपनि सवै गाउँपालिकाहरुमा एकरुपता र आधिकारीताको लागि Online Reporting System , Income Expenditure tracking System , Monitoring प्रणालीलाई समेत सहयोग र टेवा पुग्ने गरी मन्त्रालयबाट Authentic Software Develop गर्नु पर्ने ।
- गाउँपालिकाको संगठन संरचना भित्र राजस्व परिचालन उपशाखालाई आर्थिक प्रशासन शाखाको मातहत राखिएको छ । राजस्व शाखाको कार्य प्रकति र लेखा शाखाको कार्य प्रकृति नितान्त फरक भएकोले एउटै अधिकृतको नियन्त्रणमा रहदा अपेक्षित गतिशीलता लिन नसक्ने तथ्यमा ध्यान दिन जरुरी देखिन्छ ।
- सवै ६ वटै वडामा वडा कार्यालयहरु स्थापना गर्न र तदनुरुप जनशक्ति ब्यबस्थापन हुन नसक्दा जनतालाई घरदैलौमा छिटो छरितो तथा प्रभाबकारी सेवा प्रदान गर्ने अवस्था निर्माण गर्न नसकिएको ।
- वडा समितिको कार्यालयहरुले मालपोत तथा घरजग्गा कर संकलन गर्ने काम बाहेकका अधिकांश कामहरु गाउँपालिकाबाट अधिकार प्रत्यायोजित भएको आधारमा सम्पादन गर्दै आएको पाईन्छ । वडा कार्यालयहरुबाट जनताको दैनिक सरोकारका विषयमा सिफारिशका नियमित कामहरु वाहेक जिल्ला स्तरका विभिन्न सरकारी कार्यालयहरुबाट जारी म्याद तामेली , सर्जमीनका काम, मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने र निर्देशन वमोजिमका कामहरु गर्ने गरिए पनि वडा सचिव र सहायक कर्मचारीहरुको कार्यविवरणसग मिल्दो विषयमा कुनै प्रशिक्षण संचालन भएको बुझिएन ।
- गाउँपालिका कार्यालय रहेको बर्तमान स्थानमा उपलव्ध भौतिक सुविधा अपर्याप्त र सांधुरो रहेको छ । नया संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरु तथा सेवा प्रदान गर्ने शाखा, इकाईहरु व्यवस्थित गर्न र सेवाग्राही मैत्री बनाउन भवन र जमीनको खाँचो प्रमुख रुपमा रहेको देखिन्छ । निकट भविष्यमा स्थानीय तहको निर्वाचन पश्चात आउने पदाधिकारीहरुको लागि कार्यालय कोठा र सचिवालयको ठाउको असहजताले नयाँ द्वन्द्व निम्त्याउने अवस्था आउन सक्छ ।

१४. क्षमता विकास लेखाजोखा र आवश्यकता पहिचान

(CD Assessment and Need Identification)

यस गाउँपालिकाको आगामी ३ वर्षको क्षमता विकास कार्ययोजना तर्जुमा गर्दा यस पक्षलाई समेत सम्वोधन हुने गरी प्रत्येक शाखाको कार्यजिम्मेवारीसंग प्रत्यक्ष जोडिएका विषय र क्षेत्रलाई समेटने गरी क्षमता विकास कार्ययोजनाका विषय र कियाकलाप प्रस्तावित गरिएको छ । कुनै पनि कार्यक्रम तर्जुमा गर्नु मात्र उपलब्धि होईन, सो कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधन जुटाउनु पनि स्वयंमा एक चुनौती रहेको छ ।

विगतमा तर्जुमा गरिएका धेरै महत्वाकांक्षी कार्यक्रमहरु स्वीकृत गरिएको भए पनि अपेक्षित श्रोत जुटाउन नसक्दा र स्वामित्व बोध हुन नसक्दा त्यस्ता सवै कार्यक्रमहरु त्यसै थन्किएका उदाहरणहरु हामी पाउन सक्छौ । छार्का ताङसोङ गाउँपालिकाको यो क्षमता विकास कार्ययोजना सफल र उदाहरणीय वन्न सकोस भन्ने अभिप्रायले गाउँपालिकाका जिम्मेवार पदाधिकारी तथा सरोकारवालाहरुसंग छलफल गरी जुटन सक्ने श्रोतको अनुमान तथ्यपरख रुपमा प्रस्तुत गरिएकोले यस्को सफलताको विश्वास लिन सकिने अपेक्षा राखिएको छ ।

१५ क्षमता विकास योजनाको क्षेत्रगत रुपरेखा (Sectoral Outline of CD Plan)

छार्का ताङसोङ गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना (आ.व.२०७६।०७७ देखि आ.व.२०७७।७८ सम्म) को पहिचान गर्दा संगठनको बर्तमान कार्यजिम्मेवारी अनुसार कार्यसम्पादनमा देखिएका खाडलका आधारमा कर्मचारी , पदाधिकारीहरु तथा समुदाय एवं सरोकारवालाहरुको क्षेत्रगत क्षमता विकासको अवधारणामा आधारित रहि क्षमता विकास कार्ययोजनाको रुपरेखा तयार गरीएको छ । क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकासंग के कति आन्तरिक तथा बाह्य श्रोत साधन उपलब्ध हुन सक्दछ सोही आधारमा प्राथमिकता तोकी बार्षिक कार्यक्रममा समावेश गरी कार्यक्रम संचालन गर्ने आधार हुने विश्वासका साथ तीन वर्षे क्षमता विकास कार्यक्रमको विषयगत क्षेत्रका आधारमा संचालन गर्नु पर्ने कियाकलापहरु र सो कियाकलापहरु कार्यान्वयनको मुख्य जिम्मेवारी र सहायक जिम्मेवारी समेत खुल्ने गरी बिस्तृत कार्ययोजना सिफारिश गरिएको छ । सो विवरण यसैसाथ प्रस्तुत गरिएको छ ।

क्षमता विकास योजनाको मूलमूत उद्देश्य गाउँपालिकाका पदाधिकारीहरु, प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु, सामुदायिक क्षेत्रका अगुवाहरु, आर्थिक तथा सामाजिक रुपमा पछाडी पारिएका एवं लक्षित बर्गको कार्यक्रमले समेटने सवै समुदायहरु , सामुदायिक परिचालकहरु लगायत गाउँपालिकाको कामसंग सरोकार र चासो राख्ने समूहहरुले निर्वाह गर्ने जिम्मेवारी सम्पादन हुदा आ-आफ्नो कार्यक्षेत्रमा अनुभूत हुने किसिमको परिवर्तन देखिनु आवश्यक छ ।

यतिका कार्यक्रमहरु तथा प्रयासहरुबाट पनि परिवर्तन किन हुन सकि रहेको छैन ? अतः सामाजिक रुपान्तरण र वर्तमान अवस्थामा परिवर्तन ल्याउन सकिन्छ भन्ने सोचमा आधारित रहेर नै क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

क्षमता विकास कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको जिम्मेवारी भित्रका विषय क्षेत्रसंग सम्वन्धित प्रशिक्षण, अनुशिक्षण,अभिमुखीकरण, अध्ययन अवलोकन तथा सुदृढीकरणका लागि संचालन गर्नु पर्ने क्रियाकलापहरुको विवरण प्रस्तुत गरिएको छ । यी क्रियाकलाप विभिन्न आर्थिक वर्षको लागि कार्ययोजनामा प्रस्तुत गरिएको भएपनि गाउँपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गर्दा गाउँपालिकाको आवश्यकता उपलव्ध वित्तिय तथा मानवीय श्रोतको आंकलन गरेर कार्यक्रम अगाडी वा पछाडी संचालन गर्ने गरी समायोजन तथा हेरफेर गर्न सक्नेछ ।

नयाँ गाउँपालिका नयाँ जनप्रतिनिधिले नेतृत्व गर्दा संरचनागत र प्रकृयागत आधार तयार गर्न र गाउँविकासका आधारभूत सिकाईमा नै धेरै समय खर्चिनु पर्दा एउटा स्थापित गाउँको स्वरुपमा आउन ५ बर्ष पर्याप्त थिएन । झन २०५९ श्रावणदेखि हालसम्म जनप्रतिनिधीको प्रत्यक्ष नेतृत्व नहुदा संगठनात्मक र संस्थागत रुपमा एक सक्षम, सबल र आत्मनिर्भर गाउँबनाउन शुरु भएका प्रयासहरुको क्रमभंगताले गाउँविकासको गति मन्द र सुस्त हुन पुगेको आम बुझाई रहेको पाईन्छ ।

सामाजिक समावेशिता, शहरी गरीवी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास एवं श्रोत परिचालन जस्ता गाउँपालिकाको समग्र कार्यक्षमताका मुद्दाहरु उचीत सम्वोधन हुन नसक्दा गाउँपालिकाहरु राष्ट्रिय विकासको मूल प्रवाहमा तालमेल गर्न चुकेको अवस्था देखिन्छ । गाउँपालिकाले भौतिक विकासका पक्षहरुमा केही सुधार गरेको देखिएपनि शिक्षा, स्वास्थ्य, जस्ता सामाजिक जवाफदेहिता पूरा गर्न गरिएका प्रयासहरुले अपेक्षित गति लिन नसक्दा भौतिक विकास र सामाजिक विकास विचमा सामन्जस्यता कायम गर्न असफल देखिन्छ ।

अहिले वस्ती बडास्तरबाट शुरु हुने योजना तर्जुमाको चरणका क्रममा मांग भएका तथा सिफारिश भएका योजनाहरु अध्ययन गर्दा के देखिन्छ भने बर्तमानमा उपलव्ध क्षमता, श्रोत साधन भन्दा कैयौ गुणा बढीका योजनाहरु सपनाका रुपमा अगाडी उभ्याईएका छन । गाउँ विकासका आधारको रुपमा ठोस र प्रत्यक्ष लाभ हुने खालका योजना छनौट हुन नसक्दा झिना मसिना र निहित स्वार्थ गासिएका समूहका अनुत्पादक योजनामा गाउँपालिकाको सीमीत श्रोतको ठूलो हिस्सा विनियोजन गर्नु परेको कारण कार्यबोझ बढेको, प्राविधिक रेखदेख लगायत अनुगमनका काममा धेरै समय खर्चिनु पर्ने साथै जनसहभागिता जुटाउन र पारदर्शीता कायम राख्ने चुनौती एकातिर छ भने अर्को तर्फ योजनाको ल.ई.तयार गर्ने, उपभोक्ता समिति गठन, योजना समझौता, सुपरिवेक्षण, मूल्यांकन, जाँचपास र फरफारकमा अत्यधिक समय लाग्ने र उपलव्ध सीमीत जनशक्ति समेत यस्तै काममा अल्झिनु पर्ने जस्ता कारणहरुबाट संचालित कार्यक्रम फलदायी बन्न सकेका छैनन । मानव संसाधन प्रतिको कमजोर संस्थागत क्षमता, अपर्याप्त प्राविधिक तथा आर्थिक श्रोतहरुको कारण शुरु गरिएका राम्रा कामहरुप्रति पनि आमसमुदायको सकारात्मक धारणा रहेको पाउन कठिन देखिन्छ ।

जनप्रतिनिधी विहीन अवस्थामा मन्त्रालयले आवधिक योजना निर्माणको लागि निर्देशिका जारी गरे पछि गाउँपालिकाको आवधिक योजना निर्माणको कामले गति लियो । शहरी विकास तथा भवन निर्माण विभागको सहयोग एवं कतिपय साझेदार संस्थाहरुको सहयोग

र गाउँपालिकाको ठूलो श्रोत लगानी गरि आवधिक योजना तर्जुमा भई गाउँपरिषदवाट स्वीकृत पनि गरीयो तर कार्यान्वयनमा आउदा दीर्घकालीन सोच, उद्देश्य , गन्तव्य सवै एकातिर र योजना कार्यक्रम अर्को तिर वगेको देखियो ।

आवधिक योजनाको स्वामित्व ग्रहण गर्ने संस्थागत नेतृत्वको अभावको कारण आवधिक योजना एक राम्रो र संग्रहणीय दस्तावेजमा सीमीत रहन पुग्यो । यस्को सिकाई के के रह्यो भने गाउँपालिकाले तर्जुमा गरेका धेरै नीति, रणनीति तथा योजनाहरु तर्जुमा गर्नु मात्र उपलव्धी होईन रहेछ, सो कार्यान्वयनका लागि प्रतिवद्ध, दक्ष, सक्षम, लगनशील, ईमानदार र व्यवसायिक मानवीय संसाधनको विकास र व्यवस्थापन नै पहिलो प्राथमिकता हुने रहेछ जुन कुरामा हाम्रा प्रयासहरु सधै पछाडी परेको कारण हामीले सधै सफलता भन्दा विफलता व्यहोर्नु परेको छ ।

आगामी दिनमा विकासका तीन मूलभूत श्रोतहरु मानवीय, वित्तीय र भौतिक श्रोतहरुलाई संगसंगै व्यवस्थापन र परिचालन गर्न सकेमा मात्र अपेक्षित उपलव्धि हासिल हुन सक्ने तथ्यलाई आत्मसाथ गरेर अगाडी बढनको लागि छार्का ताङसोङ गाउँपालिकाको यो ३ वर्षे क्षमता विकास कार्ययोजना एउटा बलियो आधारको रुपमा रहने विश्वास राखिएको छ ।

यो क्षमता विकास योजना तजुमा गर्दा सकेसम्म व्यवहारिक पक्षमा दैनिक सेवा प्रवाहमा प्रयोग गर्नु पर्ने विधि , प्रक्रियाका विषय बस्तु समेटेर काम गर्ने कर्मचारी , समुदायका व्यक्ति तथा पदाधिकारीलाई सशक्तिकरण गर्ने अवधारणामा प्रशिक्षणका विषय वस्तु समेटिएको छ । यो संस्थागत क्षमता अभिबृद्धी कायक्रम तर्जुमा गर्दा निकट भविष्यमा निर्वाचित जनप्रनितिधि आउन सक्ने संभावनालाई मध्यनजर राखेर जनप्रतिनिधिहरुको संस्थागत कार्यदक्षतामा सुधार ल्याउन आति आवश्यक अभिमुखीकरण, अनुशिक्षण तथा प्रशिक्षण कार्यक्रमहरु प्रस्तावित गरिएबाट पनि यो क्षमता विकास कार्ययोजना आगामी ३ वर्षको लागि एक बहुउपयोगी तथा तथ्यपर दस्तावेजको रुपमा सर्वस्वीकार्य हुने विश्वास लिईएको छ ।

१. पृष्ठभूमि (Background)

दोश्रो संविधानसभाबाट वि.सं. २०७२ असोजमा जारी भएको नेपालको संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको खाका स्पष्ट निर्धारण गरेको छ । सबै तहका सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम गर्ने अवस्थाको परिकल्पना संविधानले गरेको छ । स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक परिवर्तनको सुनिश्चितताकालागि स्थानीय सरकारको नयाँ स्वरुपमा रुपान्तरण हुने महा/उपमहा/नगरपालिका र गाँउ पालिकाहरुको भूमिका स्थानीय तहको रुपमा अग्रणी र निर्णायक रहने छ ।

विगत केही वर्ष देखि राष्ट्रिय बजेटको आकार बढे संगै सरकारले स्थानीय निकायहरुलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा उल्लेख्य वृद्धि हुदै गएको छ । साथै स्थानीय निकायहरुको आन्तरिक श्रोत परिचालनमा समेत क्रमशः बृद्धी हुदै गएको पाईन्छ । स्थानीय निकायहरुको आन्तरिक र वाह्य श्रोतको आकार बढदै गएको भएपनि कार्य सम्पादन,सेवा प्रवाह लगायत समग्र क्षमतामा सुधार महसुस गर्न सकिएको पाईदैन । झन स्थानीय निकायलाई नेतृत्व दिनु पर्ने निर्वाचित पदाधिकारीहरु नभएको अवस्थामा कर्मचारीहरुको कामको दायरा र जिम्मेवारी अप्रत्याशित रुपमा बढन गएको छ । विद्यमान अवस्थामा भएका साधन श्रोतको सहि परिचालन हुन नसकेको कारण विकासको गति मन्द भएको र आशातित एवं अपेक्षित उपलब्धीहरु प्राप्त हुन नसकेको यथार्थबाट जिम्मेवार पक्ष विमुख हुन मिल्दैन ।

स्थानीय सरकार संचालन ऐनले स्थानीय तहहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय तहहरुको क्षमता विकासको लागि संघिय मामिला तथा स्थानीय सामान्य मन्त्रालयवाट क्षमता विकास कार्यविधि २०६६ जारी गरिए पछि संस्थागत रुपमा स्थानीय निकायहरुबाट क्षमता विकासका क्षेत्रमा आफ्नै प्रयासबाट र विभिन्न साझेदारहरुको सहयोगमा विभिन्न प्रयासहरु हुँदै आएका भए पनि यी प्रयासहरु प्रभावकारी हुन नसकेको र अपेक्षित उपलब्धी समेत हासिल हुन नसकेको अवस्था रहेको छ ।

क्षमता विकास कार्यक्रम मानव संसाधन विकासको मूल आधार हो । गाउँपालिकाको क्षमता विकास कार्यक्रम तर्जुमाको लागि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गत संचालनमा रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPII) बाट उपलन्ध सहयोगबाट छार्का ताङसोङ गाउँपालिकाको ३ वर्षे क्षमता विकास कार्यकम तर्जुमा भएको छ ।

९. ऐन नियम, नीतिको पुनरावलोकन र अध्ययनको कानूनी आधार
(Review of Prevailing Acts, Regulations and Policies)

ऐन नियम, नीतिको पुनरावलोकन र अध्ययनको कानूनी आधार
(Review of Prevailing Acts, Regulations and Policies)

देशको मुल कानून संविधान भएकोले स्थानीय तह गठन सम्वन्धी संवैधानिक व्यवस्था, विद्यमान ऐन नियम बमोजिम प्रदत्त कानूनी अधिकार तथा कर्तव्यहरु, राज्यका नीति तथा स्थानीय निकायबाट अवलम्वन गरिएका नीतिहरु नै स्थानीय तह गठन तथा संचालनका मूल आधारहरु रहेका छन । यी कानूनी व्यवस्थाहरु कार्यान्वबयनको लागि स्थापित संगठनको चुस्तता र जनशक्तिको दक्षता अभिबृद्धी आवश्यक छ ।

९.१ नेपालको संविधान (२०७२) : २०७२ असोज ३ गते नेपालको संविधान जारी भए सगै मुलुकले संघीय गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको छ । यस अनुसार ३ तहको सरकार गठन हुनेछ । संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिका सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३० सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध र धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह वीचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा २१६ र धारा २२३ मा नगर कार्यपालिका र नगर सभा गठन सम्वन्धी व्यवस्था देहाय बमोजिम रहेको छ ।

धारा २१६. <u>गाउँ कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था :</u> (१) प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा गाउँ कार्यपालिकागठन हुनेछ । (२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट

निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् । (३) प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित गाउँ पालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन् ।

धारा २१८ अनुसार गाँउ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाँउ कार्यपालिका र नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था गरिएको छ ।

धारा २२३. गाउँसभाको गठन : (१) प्रत्येक गाउँपालिकामा एक गाउँसभा रहनेछ । (२) उपधारा (१) बमोजिमको गाउँसभामा गाउँ कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४)बमोजिम दलित व अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन । (३) उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । (४) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ । (५) अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

त्यस्तै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची मार्फत प्रत्येक इकाईको अधिकार क्षेत्रहरु स्पष्ट गरिएको छ तथा स्थानीय निकायलाई अधिकार सहित साधन श्रोतको सुनिश्चितता गरिएको छ। यी संवैधानिक व्यवस्थाहरुबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्न र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जनाको स्पष्ट कानूनी आधार तयार भएको छ । यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । उल्लेखित संवैधानिक व्यवस्थाहरुबाट स्थानीय निकायहरु अब कार्यमूलक स्थानीय सरकारको रुपमा स्थापित हुन सक्ने स्पष्ट आधारहरु खडा भएका छन ।

९.२ स्थानीय सरकार संचालन ऐन, २०७४ :

गाउँ सभा, गाउँपालिका, प्रमुख , सचिवले गर्ने भनी स्थानीय सरकार संचालन ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारहरु यसै प्रतिवेदनको अनुसूची खण्डमा समावेश गरिएको छ ।

तीन वर्षे क्षमता विकास कार्ययोजना अन्तर्गत संचालन गरीने प्रस्तावित कार्यक्रम र क्रियाकलापहरु ;
(Proposed Program and Activities Under CD Plan)

कार्यक्षेत्र	विषयगत क्रियाकलापको विवरण	मुख्य जिम्मेवारी	सहायक जिम्मेवारी	२०७६।७७	२०७७।७८	२०७८।७९
नागरिकप्रतिको जवाफदेहीता अभिबृद्धी	सेवा प्रवाहमा नागरिक वडापत्रको महत्व, प्रयोग र जिम्मेवारी विषयमा अभिमुखीकरण	प्रशासन शाखा	जनशक्ति विकास शाखा			
	सूचनाको हकको प्रयोग र जिम्मेवारी वहन	सूचना शाखा	जनशक्ति विकास शा.			
	सुशासन प्रवर्द्धनमा गुनासो सुनवाई, सम्वोधन तथा व्यवस्थापन ,गुनासो पेटीकाको प्रयोग	प्रशासन शाखा	सुचना शाखा			
	सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणका विधि तथा प्रक्रिया र जिम्मेवारी	शहरी योजना शाखा	प्रशासन शाखा			
	सार्वजनिक जवाफदेहिताका औजारहरुको प्रयोगको आधार र विश्लेषण क्षमता विकास प्रशिक्षण (Citizen Report Card, Exit Poll,Community SCore Card , Public Expenditure Tracking)	प्रशासन शाखा	जनशक्ति विकास शाखा र प्रशासन शाखा			

स्थानीय शासन	गाउँपालिका सम्वन्धी ऐन, नियम,कानून, कार्यविधिको अभिमुखीकरण	प्रशासन शाखा	प्रशासन शाखा			
	कर्मचारीको आचारसंहिता पालना अभिमुखीकरण	प्रशासन शाखा	प्रशासन शाखा			
	सुशासन प्रवर्द्धनमा कर्मचारीको भूमीका, कार्ययोजना तयारी एवं समुदायसंगको अन्तरसम्वन्ध	प्रशासन शाखा	प्रशासन शाखा			
	गाउँपालिकाको कार्यसम्पादनका कानूनी चरणहरु तथा रायसल्लाहमा शाखाहरुको समन्वय र भूमीका	प्रशासन शाखा	प्रशासन शाखा			

	गाउँपालिकाबाट प्रदान गरीने सेवा,सुविधा प्रवाहमा कर्मचारीको दायित्व निर्वाह , विधि तथा व्यवहारहरु	प्रशासन शाखा	प्रशासन शाखा			

समुदायायिक विकास तथा लक्षित वर्ग उत्थान	गाउँ विकासमा समुदाय परिचालनको आवश्यकता, संचालित कार्यक्रमको आधारमा भावी कार्यदिशा	सामुदायिक विकास शाखा	जनशक्ति विकास शाखा			
	गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीमा सुधारका लागि समुदायको सशक्तिकरण	प्रशासन शाखा	प्रशासन शाखा			
	योजना तर्जुमा देखि कार्यान्वयन सम्मका चरणमा समुदायको भूमीका र जिम्मेवारी	शहरी योजना शाखा	जनशक्ति विकास			
	सुशासन स्थापनामा समुदायको अग्रसरता	कानुन शाखा	प्रशासन शाखा			
	लक्षित वर्ग विकास कार्यक्रमको पहिचान र परिचालनमा समुदायको जिम्मेवारी	सामुदायिक विकास शाखा	जनशक्ति विकास शाखा			
	वालमैत्री कार्यक्रमपहिचानमा समुदायको भूभीका	सा.वि.शाखा	जनशक्ति विकास			
	वालमैत्री नगर निर्माणमा समुदायको अग्रसरता	सा.वि.शाखा	जनशक्ति विकास			
	सामाजिक सुरक्षा कार्यक्रमको अभिमुखीकरण	सा.वि.शाखा	जनशक्ति विकास			
	महिला उत्थान कार्यक्रम पहिचान र परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			
	जेष्ठ नागरिक लक्षित कार्यक्रम परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			
	दलित उत्थान कार्यक्रम पहिचान र परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			
	जनजाति लक्षित कार्यक्रम पहिचान र परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			
	युवा लक्षित कार्यक्रम पहिचान र परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			
	फरक क्षमता भएका बर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमको पहिचान तथा परिचालन	सा.वि.शाखा	जनशक्ति विकास			

	सामुदायिक मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन	प्रशासन शाखा	जनशक्ति विकास			
	सूचनाको हकको प्रयोगमा समुदायको जिम्मेवारी	प्रशासन शाखा	जनशक्ति विकास			

राजस्व प्रशासन व्यवस्थपान तथा सुदृढीकरण	गाउँस्तरीय राजस्वको अवधारणा, नगरपालिकाको राजस्वका श्रोत तथा संभावना पहिचान	राजस्व शाखा	जनशक्ति विकास शा.			
	गाउँस्तरीय राजस्व परामर्श समितिको क्रियाशीलता र जिम्मेवारीमा शाखाको भूमीका	राजस्व शाखा	जनशक्ति विकास शा.			
	राजस्व संभाव्यता अध्ययन प्रतिवेदनले समेटने क्षेत्रहरु र श्रोत प्रक्षेपण सम्वन्धी अभिमुखीकरण	राजस्व शाखा	जनशक्ति विकास शा.			
	राजस्व मूल्यांकनका मूलभूत आधारहरु विधि, प्रकृया तथा आन्तरिक र बाह्य समन्वयको आवश्यकता	राजस्व शाखा	जनशक्ति विकास शा. आ.प्र.शाखा			
	करदाताको विवरण अद्यावधिक सहित कर तथा राजस्वका अभिलेखहरु व्यवस्थापन र संरक्षणका सीप	राजस्व शाखा	जनशक्ति विकास शा.			
	राजस्व प्रणालीको Computer Data Base तयारी सहित बडा कार्यालयसंग Linkage को आधार र प्रतिवेदन तयारी	राजस्व शाखा	जनशक्ति विकास शाखा .र सुचना शाखा			
	राजस्व संकलनमा कम्प्युटर Software Program संचालन विषयमा नपा कर्मचारी एवं बडासमितिका कर्मचारीलाई प्रशिक्षण	राजस्व शाखा	जनशक्ति विकास शा.			
	एकीकृत सम्पत्ति कर प्रणलीको तयारी , तथ्यांक संकलन तथा फाईल व्यवस्थापन सम्वन्धी प्रशिक्षण	राजस्व शाखा	जनशक्ति विकास शाखा			
	करदाता शिक्षा तथा सचेतना एवं प्रोत्साहन कार्यक्रम	राजस्व शाखा	जनशक्ति विकास शा.			
	MCPM का विषयगत सूचकमा आधारित दस्तावेज तयारी तथा आधारभूत जिम्मेवारी	प्रशासन शाखा	जनशक्ति विकास शा. र प्रशासन शाखा			

	राजस्व शाखाको संचालन तथा सुदृढीकरण	राजस्व शाखा	जिन्सी व्यवस्थापन			

आर्थिक प्रशासन, वित्तीय व्यवस्थापन तथा सुदृढीकरण	गाउँपालिकाको कोष संचालन पद्धति, खाता व्यवस्थापन, जिम्मेवारी एवं अन्तर निकाय समन्वय	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	बार्षिक वजेट तथा कार्यक्रम तर्जुमामा शिर्षकगत श्रोत अनुमान तथा विनियोजनका विधि र व्यवहार	आ.प्र. शाखा	जनशक्ति विकास र आ.लेप.शाखा			
	स्थानीय निकाय आ.प्र. नियमावली बमोजिमका अनुसुचीहरुको प्रयोगको सैद्धान्तिक र व्यवहारिक ज्ञान	आ.प्र. शाखा	जनशक्ति विकास र आ.लेप.शाखा			
	मासिक आय व्यय विवरण तथा वित्तीय प्रगती प्रतिवेदन तयारी विधि	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	वित्तीय जोखिम न्यूनीकरणका आधार, प्रक्रिया एवं संस्थागत जिम्मेवारी	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	आ.ले.प.र अन्तिम लेखा परिक्षणको तयारी तथा प्रतिवेदन कार्यान्वयनका लागि समन्वय र भूमीका	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	पेश्की तथा बेरुजु सम्परिक्षणका विधि प्रक्रिया तथा शाखागत जिम्मेवारी र भूमीका	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	MCPM का विषयगत जिम्मेवारी तथा सूचकमा आधारित दस्तावेज तयारीको आधारभूत प्रशिक्षण	आ.प्र. शाखा	जनशक्ति विकास शाखा			
	Account Software संचालन तथा सुदृढीकरण एवं लेखा व्यवस्थापन प्रशिक्षण	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	Accrual Account System (प्रोदभावी लेखा प्रणाली) को सैद्धान्तिक अवधारणा र प्रयोगको तयारी	आ.प्र. शाखा	जनशक्ति विकास र आ.ले.प..शाखा			
	गाउँपालिका अन्तर्गत रहने विशेष कोष संचालन तथा व्यवस्थापनका आधारभूत कार्यविधि तयारी र प्रयोग	आ.प्र. शाखा	आ.ले.प..शाखा			

	आर्थिक प्रशासन शाखाको सुदढीकरण	आ.प्र. शाखा	जिन्सी व्यवस्थापन			

लेखा परिक्षण तथा वेरुजु फर्छौट	आन्तरिक वित्तिय अनुशासनमा आ.ले.प.को भूमीका तथा जिम्मेवारीको आधारभूत अनुशिक्षण	आ.ले.प. शाखा	जनशक्ति विकास र आ.प्र.शाखा			
	आ.ले.प/म.ले.प.बेरुजु लगत तयारी, फर्छौटका आधार, विधि प्रक्रिया र आ.ले.प.शाखाको भूमीका	आ.ले.प. शाखा	जनशक्ति विकास र आ.प्र.शाखा			
	राजस्व आयको आन्तरिक लेखापरिक्षणको तयारी तथा शाखा र वडा समितिसंग समन्वय	आ.ले.प. शाखा	जनशक्ति विकास र आ.प्र.शाखा			
	Importance and need of Pre-Audit in all Municipal Expenditures .	आ.ले.प. शाखा	जनशक्ति विकास र आ.प्र.शाखा			
	आ.ले.प.कार्ययोजना तयारी तथा प्रतिवेदनमा समेटनु पर्ने आधाभूत विषयबस्तुको लेखन सीप	आ.ले.प. शाखा	जनशक्ति विकास र आ.प्र.शाखा			
	Public Procurement Management Training to all Concerned Officers and Staff	आ.ले.प. शाखा र आ.प्र.शाखा	जनशक्ति विकास र शहरी योजना शाखा			
	आ.ले.प.शाखाको सुदृढीकरण कार्यक्रम	आ.ले.शाखा	जिन्सी व्यवस्थापन			

जिन्सी तथा सम्पत्ति व्यवस्थापन	आ.प्र.नियमावली बमोजिम जिन्सी निरीक्षण एवं प्रतिवेदन कार्यान्वयन र व्यवस्थापन	जिन्सी व्यवस्थापन शाखा	आ.प्र.शाखा र आ.ले.प. शाखा			
	जिन्सी सफ्टवेयरको प्रयोग र लगत संरक्षण	जिन्सी व्यवस्थापन	सूचना शाखा			
	अचल सम्पत्तिको संरक्षण तथा व्यवस्थापन	जिन्सी व्यवस्थापन	आ.ले.प.शाखा			
	खरीद ईकाईको प्रभावकारीता एवं सार्वजनिक खरीद व्यवस्थापन क्षमता अभिबृद्धि	आर्थिक प्रशासन शाखा र जिन्सी	आ.प्र,,शाखा,आ.ले.प. शाखा			
	वार्षिक खरीद योजना निर्माण तथा स्वीकृती	आर्थिक प्रशासन	शहरी योजना शाखा,			

	(विधी,प्रकृया र उपयोगीता)	शाखा र जिन्सी	आ.प्र. शाखा			

सुरक्षित भवन निर्माण तथा नक्शा पास	Orientation on Building Rules, Regulations, By-laws , norms/ standards (Technical Staff and Community leaders)	भवन नक्शा शाखा	जनशक्ति विकास शाखा			
	Training on Use of Building Softwares, its use and application in Rular Municipalaity	भवन नक्शा शाखा	जनशक्ति विकास र सुचना प्रविधि शाखा			
	GIS Training and its use in Rlar Municipal planning and Digital house numbering.	भवन नक्शा शाखा	जनशक्ति विकास र सुचना प्रविधि शाखा			
	Training on Basic facts and figures must be mentioned in Building Construction Permit Application and Buliding Design and drawings(Granting Process of Permit)	भवन नक्शा शाखा	जनशक्ति विकास			
	Construction management and Latest trends in Building Constructions (State of Art) and Grant Permission	भवन नक्शा शाखा	जनशक्ति विकास र शहरी योजना			
	Training on Disaster Risk Reduction in Urban Planning and Building Construction	भवन नक्शा शाखा	जनशक्ति विकास र शहरी विकास योजना			
	Management and Skill Development Training to Engineers/Sub Engineers/ Amin	भवन नक्शा शाखा	जनशक्ति विकास र शहरी विकास योजना			
	Capacity Enhancing Training to Technical Staff on Construction Monitoring	भवन नक्शा शाखा	जनशक्ति विकास र शहरी विकास योजना			
	Skill Development Training to Masons for Safer Building Construction	भवन नक्शा शाखा	जनशक्ति विकास र सामुदायिक विकास			

शहरी विकास तथा योजना	Training on Urban Planning (Periodic Planning, MTMP, Annual Planning)	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास			
	Training on Office Management and Legal matters	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र कानुन शाखा			
	Engineering Software and GIS Training and use in Sectoral Urban Planning	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र सूचना प्रविधि विकास			
	Construction Management and Skill Development Training	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र नक्शा शाखा			
	Orientation and refresher training on Emerging New Engineering Trends	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र नक्शा शाखा			
	Enhance capacity on the use Of Engineering Software in Planning and Development Including Digital Use	शहरी विकास तथा योजना शाखा	नक्शा शाखा एवं सूचना प्रविधि शाखा			
	Training on Quality Assurance and Technical Audit in Development Projects	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र नक्शा शाखा			
	Training on Preparation of Feasibility Study of Projects.	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र नक्शा शाखा			
	Enhance know-how on the use of Norms, Stardards, Preparation of Cost Estimate and BOQ and Final Evaluation .	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास र नक्शा शाखा			
	Bid Document preparation and Evaluation Skill and e-bidding process .	शहरी विकास तथा योजना शाखा	आ.प्र.शाखा, आ(ले.प. शाखा र नक्शा शाखा			
	Training on PFM and workplan (Microsoft Projects) Preparation .	शहरी विकास तथा योजना शाखा	आ.प्र.शाखा, आ.ले.प. शाखा र नक्शा शाखा			

	Training on preparation of Periodic Physical Progress Report	शहरी विकास तथा योजना शाखा	जनशक्ति विकास शाखा			
	Orientation on the role of technical staff in maintaing transparency and reduce fidusiary risk in urban projects .	शहरी विकास तथा योजना शाखा	कानुन शाखा, आ.ले.प. शाखा			
	Experience Sharing Exposure Visits for practical learning .	प्रशासन शाखा	जनशक्ति विकास शाखा			
	In Service Training to Technical staff.	जनशक्ति विकास	प्रशासन शाखा			

जनशक्ति विकास, संस्थागत सुदृढीकरण तथा कार्यालय व्यवस्थापन	गाउँ सूचना केन्द्रको स्थापना,Website को क्रियाशीलतामा आधारित कर्मचारीहरुको भूमीका र जिम्मेवारी विषयको प्रशिक्षण	सूचना प्रविधि शाखा	जनशक्ति विकास र प्रशासन शाखा			
	जनशक्ति तथा मानव संसाधन विकास ईकाईको गठन तथा कार्य जिम्मेवारीको अध्ययन	जनशक्ति विकास	प्रशासन शाखा			
	कार्यसम्पादनमा आधारित सूचक तयारी प्रशिक्षण र सूचकमा आधारित करार समझौता अभिमखीकरण	प्रशासन शाखा	जनशक्ति विकास र कानुन शाखा			
	Personnel Information System (PIS) मा आधारित कर्मचारीको व्यक्तिगत विवरण कम्प्यूटर प्रणालीमा तयारी र अद्यावधिक गर्ने सीप विकास	प्रशासन शाखा	सूचना प्रविधि शाखा			
	कार्यकम समन्वयमा गैससको भूमीका तथा गैसस डेस्कको स्थापना र क्रियाशीलता	सामुदायिक विकास शाखा	शहरी योजना शाखा			
	Digital Notice Board मार्फत सूचना तथा सेवा प्रवाहको जानकारी सार्वजनिक गर्ने	सूचना प्रविधि शाखा	प्रशासन शाखा			

वातावरण मैत्री स्थानीय शासन एवं सामुदायिक स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन	Orientation on EFLG promotion to Municipal Staff and Community People (TLO,WCF,CAC,Schools)	सामुदायिक विकास शाखा	जनशक्ति विकास शाखा			
	Skill transfer training to Community (TLO,WCF,) on Solid Waste Management (Reduce, Reuse and Recycle)	सामुदायिक विकास शाखा	जनशक्ति विकास शाखा			
	Community Interaction and participatory Campaign for Green and healthy Urban life	सामुदायिक विकास शाखा	जनशक्ति विकास शाखा र वातावरण शाखा			
	Capacity Building of Cleaning Staff /Institutions to manage and collect Garbage (HH level and Public places)	सामुदायिक विकास शाखा	वातावरण शाखा			
	Public Health Promotion and Health Service Strengthening at Community level	सामुदायिक विकास शाखा	छार्का ताङसोङ गा.पा.			
	Social Heath Protection (Identification of Vulnerable group , Health Insurance and other Support Services)	सामुदायिक विकास शाखा	छार्का ताङसोङ गा.पा.			
	Rular Municipal Hospital Management	सामुदायिक विकास शाखा	छार्का ताङसोङ गा.पा.			
	Management and Networking of Ambulance Services	सामुदायिक विकास शाखा	छार्का ताङसोङ गा.पा.			
	Medical Waste Management \	सामुदायिक विकास शाखा	छार्का ताङसोङ गा.पा.			

नगरपालिका जनप्रतिनिधीको क्षमता अभिबृद्धी	गाउँपालिका पदाधिकारीहरुको काम कर्तव्य अधिकार तथा गाउँस्तरीय सेवा प्रवाह र विकास निर्माणमा खेल्ने भूमीका	प्रमुख प्रशासकीय अधिकृत	जनशक्ति विकास शाखा			
	गाउँपालिका बैठक संचालन तथा निर्णय प्रक्रिया (विभिन्न समिति/ उपसमिति सहितको) सम्वन्धी अभिमुखीकरण	प्रमुख प्रशासकीय अधिकृत	जनशक्ति जिकास शाखा			
	गाउँस्तरीय आवधिक/वार्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय,सुपरिवेक्षण, अनुगमन सम्वन्धी अनुशिक्षण	शहरी योजना शाखा	जनशक्ति विकास शाखा			
	गाउँस्तरीय राजस्वका क्षेत्र, अधिकार , आय प्रषेपण, वजेट तर्जुमा, आलेप तथा लेखा समितिको काम कर्तव्य र भूमीका	प्रमुख प्रशासकीय अधिकृत	राजस्व प्रशासन, आ.ले.प. र जनशक्ति विकास शाखा			
	प्रशंसनीय दृष्टिकोण, सकारात्मक सोच, द्वन्द्व व्यवस्थापन विषयका प्रशिक्षण	प्रमुख प्रशासकीय अधिकृत	जनशक्ति विकास शाखा			
	आचार संहिता तथा शिष्टाचार पालना, ड्रेस कोड पालना, , बैठक तथा सचिवालय व्यवस्थापन	प्रमुख प्रशासकीय अधिकृत	जनशक्ति जिकास शाखा			
	राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गाउँपालिकाहरु संग भगिनी सम्वन्ध स्थापनाका आधार र गाउँपालिकाको हित प्रवर्द्धनका क्षेत्रहरुको पहिचान	प्रमुख प्रशासकीय अधिकृत	अन्तर्राष्ट्रिय सम्वन्ध शाखा,			
	पदाधिकारीको क्षमता बृद्धिका कार्यक्रमहरु (नपाको निर्णय र आवश्यकता अनुसार)	प्रमुख प्रशासकीय अधिकृत	जनशक्ति विकास शाखा			

बडा समितिको क्षमता अभिबृद्धी तथा प्रत्यक्ष सेवा प्रवाहमा सुधार	वडा समितिको कार्यालयको कार्यसम्पादन जिम्मेवारी एवं प्रशासकीय कार्यहरुमा एकरुपताका लागि व्यवहारिक प्रशिक्षण	प्रशासन शाखा	जनशक्ति विकास शाखा			
	वडाबाट प्रदान गरीने सिफारिशहरु ,सर्जमीन मुचुल्का, लिखत र पत्रव्यवहारमा एकरुपता एवं आधारभूत कानुनी पक्षहरुमा अनुशिक्षण	प्रशासन शाखा	जनशक्ति विकास शाखा			
	Vital Events Registration System (VERS) कम्युटर सफ्टवेयरमा आधारित पंजीकरण सेवा संचालन तथा व्यवस्थापन	पंजीकरण तथा सा.सु शाखा	सूचना तथा प्रविधि शाखा र जनशक्ति विकास शाखा			
	सामाजिक सुरक्षा कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन सम्वन्धी अनुशिक्षण	पंजीकरण तथा सा.सु शाखा	प्रशासन शाखा			
	वडालाई कम्प्युटर प्रणालीमा आबद्ध गर्न वडासचिव र सहायकलाई कम्प्युटर प्रशिक्षण	सूचना प्रविधि शाखा	प्रशसन शाखा र जनशक्ति विकास शाखा			
	बडा कार्यालयलाई स्थानीय राजस्व संकलनको केन्द्र (Revenue Hub) बनाउने तयारी र व्यवस्थापकीय सुधारमा आधारित प्रशिक्षण	राजस्व प्रशासन शाखा	जनशक्ति विकास शाखा			
	सामुदायिक ससक्तिकरणमा वडा समितिको जिम्मेवारी र भूमीका विषयमा अभिमुखीकरण	सामुदायिक विकास शाखा	प्रशासन शाखा			
	सहभागितात्मक र समावेशि योजना तर्जुमाको प्रकृया र बडाको जिम्मेवारी विषयमा आधारभूत प्रशिक्षण	शहरी योजना शाखा	प्रशासन शाखा			
	उ.स.गठन, योजना कार्यान्वयन, अनुगमन र पारदर्शिता कायम राख्ने विधि एवं प्रकृया	शहरी योजना शाखा	न.पा. । जनशक्ति विकास शाखा			

	सामुदायिक मेलमिलापका लागि मेलमिलापकर्ताको प्रशिक्षण तथा बडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना	सामुदायिक शाखा	जनशक्ति विकास शाखा			
	सार्वजनिक सम्पत्तिको लगत तयारी तथा पाटी,पौवा,सत्तल, लगायत ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धनमा वडा कार्यालयको भूमीका र जिम्मेवारी	पर्यटन तथा संस्कति संरक्षण शाखा	जनशक्ति विकास शाखा, तथा प्रशासन शाखा			
	वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा सरसफाई कार्यमा वडा समितिको जिम्मेवारी र भूमीका	वातावरण शाखा	सामुदायिक विकास शाखा			

`

विशेष प्रशिक्षणहरु Focus Group Trainings	Training on Office management , Coordination , and Team Building	जनशक्ति विकास शाखा	प्रशासन शाखा			
	Training on Conflict and Stress management	जनशक्ति विकास शाखा	प्रशासन शाखा			
	Training on Appreciative Inquiry and Positive thinking	जनशक्ति विकास शाखा	प्रशासन शाखा			
	Orientation on Performance Contract and roles of Section Chiefs.	जनशक्ति विकास शाखा	प्रशासन शाखा			
	Orienatation on MCPM and Indicator based Evidence Preparation Process , with clearcut role and responsibility	प्रशासन शाखा	प्रशासन शाखा र जनशक्ति विकास शाखा			
	Report Writing and Presentation Skills	जनशक्ति विकास	प्रशासन शाखा			
	e-governance and its possibility	सूचना तथा प्रविधि शाखा	जनशक्ति विकास शाखा			

विविध विषयसंग सम्वन्धित तालिम अवलोकन, अध्ययन	आधारभूत सेवाकालीन तालिम (सवै श्रेणि र तहका प्रशासनिक र प्राविधिक कर्मचारीहरुलाई कार्यक्षेत्र र मिल्दो विषयको)	जनशक्ति विकास शाखा	प्रशासन शाखा,			
	अभ्ययन अवलोकन भ्रमण बार्षिक २ पल्ट (सवै शाखा र क्षेत्रको प्रतिनिधित्व रहने गरी नगरपालिकाको निर्णय अनुसार)	जनशक्ति विकास शाखा	प्रशासन शाखा			
	सवारी चालकहरुलाई साधनको नियमित मर्मत संभार कार्यतालिका तयारी , लगबुकको प्रयोग तथा सुरक्षा प्राथमिकता वारे अभिमुखीकरण	प्रशासन शाखा शाखा	जनशत्ति विकास र जिन्सी व्यवस्थापन शाखा			
	कार्यालय व्यवस्थापन, सुरक्षा तथा सेवा प्रवाहमा सहयोगी कर्मचारीको आचरण तथा भूमीकाको विषयमा प्रशिक्षण	प्रशासन शाखा शाखा	जनशक्ति विकास शाखा			
	सहायक कर्मचारीको क्षमता बृद्धीका लागि मांगमा आधारित कम्प्युटर प्रशिक्षण एवं दर्ता चलानीमा कम्प्युटरको प्रयोग	प्रशासन शाखा शाखा	जनशक्ति विकास शाखा			
	विद्युतीय हाजिरी, फ्याक्स, फोटोकपि,प्रिन्टर एवं अन्य औजार उपकरणको उपयोग तथा संभार विषयमा सहायकहरुलाई आधारभूत प्रशिक्षण	प्रशासन शाखा शाखा	जिन्सी व्यवस्थापन शाखा			
	माछा मासु पसल तथा बजार अनुगमनका कानुनी तथा प्रक्रियागत अभिमुखीकरण	सामुदायिक विकास शाखा	राजस्व शाखा			
	नियमित बैठक, छलफल तथा तत्कालीन आवश्यकता सम्वोधन गर्न पहिचान गरिएका अभिखीकरण, अनुशिक्षण तथा प्रशिक्षण कार्यहरु	जनशक्ति विकास शाखा	प्रशासन शाखा			

१६. अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा समीक्षा

(Monitoring , Evaluation, Reporting and Review)

स्वीकृत क्षमता अभिवृद्धी कार्ययोजनाको अनुगमन, मूल्यांकन तथा समीक्षाको संस्थागत व्यवस्था देहायमा उल्लेख भए अनुसार हुनेछ ।

क) अनुगमन सम्वन्धी व्यवस्था

- स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९ को दफा ३३(२) मा उल्लेखित व्यवस्था अनुसार गाउँ प्रमुखको संयोजकत्वमा गठन हुने गाउँ स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिले क्षमता विकास कार्ययोजना अन्तर्गत संचालित कियाकलापहरुको अनुगमन गर्नेछ ।
- समितिले सूचकको आधारमा अनुगमन गर्नु पर्नेछ र अनुगमनका क्रममा देखिएका विषयहरुमा आफ्नो राय सुझाव सहितको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नेछ ।
- प्राप्त अनुगमन प्रतिवेदन उपर गाउँपालिकाको बोर्ड वैठकमा छलफल गरी गाउँपालिकाले आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय गाउँपालिकाले वेवसाईट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।
- समितिले क्षमता विकास कार्यक्रमको सघन अनुगमन गर्न समितिको सदस्यको संयोजकत्वमा विषय विज्ञ सहितको ३ सदस्यीय अनुगमन उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ । उपसमितिले तयार गरेको अनुगमनको प्रतिवेदन नगर स्तरीय क्षमता विकास समिति मार्फत गाउँपालिकामा पेश गर्नु पर्नेछ ।
- गाउँपालिकाको क्षमता विकास कार्ययोजना अन्तर्गत संचालित कार्यक्रमहरुको अनुगमन मन्त्रालयको जनशक्ति विकास शाखाको अगुवाईमा क्षमता विकासका क्षेत्रमा सहयोग गर्ने साझेदार संस्था वा कार्यक्रमका प्रतिनिधि सम्मिलित टोलीबाट समेत हुन सक्नेछ ।
- मन्त्रालयले आवश्यक देखेमा विषय विज्ञ मार्फत समेत संचालित कार्यक्रमको अनुगमनको व्यवस्था गर्न सक्नेछ र मन्त्रालयबाट दिईएका मार्गदर्शन पालना गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

ख) मूल्यांकन सम्वन्धी व्यवस्था

- तीन वर्षे क्षमता विकास कार्यक्रम अन्तर्गत ३ आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमका आधारमा गाउँपालिकाले सेवा प्रदायक , सेवा ग्राही र समुदायको क्षमता , कार्य दक्षता तथा व्यवहारमा के कस्तो सकारात्मक वा नकारात्मक परिवर्तन देखा पऱ्यो सो को लेखाजोखा गर्न स्वतन्त्र विषय विज्ञबाट कार्यक्रमको प्रभाव मूल्यांकन गराउनु पर्नेछ । सो प्रतिवेदन गाउँपरिषदमा प्रस्तुत गरी छलफल गरी सो निर्णय सार्जजनिक गर्नु पर्नेछ ।

ग) प्रतिवेदन तथा समीक्षा सम्वन्धी व्यवस्था

- क्षमता विकास कार्यक्रमको प्रत्येक चौमासिक अवधिको प्रगती प्रतिवेदन गाउँपालिकाको जनशक्ति विकास शाखा वा कर्मचारी प्रशासन शाखाले प्रगती प्रतिवेदनको ढाँचामा तयार गरी मन्त्रालय र गाउँपालिका पेश गर्नु पर्नेछ । गाउँपालिकामा आयोजना गरीने चौमासिक समीक्षा वैठकमा क्षमता विकास प्रगती प्रतिवेदन प्रस्तुत भई छलफल गरी सो विषयमा भएको निर्णय सार्वजनिक गर्नु पर्नेछ ।

१७. गाउंपालिकाको संस्थागत सुधार तथा सुदृढीकरणका सिफारिशहरु

(Recommendations for Institutional Reformation and Strengthening)

बढदो अव्यवस्थित शहरीकरणले सिर्जना गरेका समस्याहरु निराकरण गर्न तथा जग्गाहरुको खण्डीकरण नियन्त्रण गरी शहरी भौतिक पूर्वाधारहरुको व्यवस्थित रुपमा विकास गर्न गाउँपालिकाले राष्ट्रिय भूउपयोग नीतिलाई आधार मानी गाउँक्षेत्रको भूउपयोग नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गर्नु पर्ने ।

- गाउँको समग्र विकासको लागि Comprehensive Town Development Plan तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- Municipal Transport Master Plan तर्जुमा गरी नगर स्तरीय सवै सडक यातायातको सेक्टरमा यसै गुरुयोजनाले निर्धारण गरेको श्रेणी र प्राथमिकताको आधारमा बजेट विनियोजन गर्ने पद्धती अपनाउने ।
- संघीय ढाँचामा स्थानीय सरकारको रुपमा गाउँपालिकाको उपस्थिती र भूमीका व्यापक रहने पृष्ठभूमीमा आगामी स्वरुपको जिम्मेवारी वहन गर्न तथा सक्षम स्थानीय सरकारको सोच र सपना साकार पार्न गाउँका विभिन्न बर्ग, समुदाय, पेशा , विज्ञता र अनुभव वोकेका प्रबुद्ध व्यक्तित्वहरुलाई समेटेर Think Tank गठन गर्ने र आगामी भूमीका निर्वाह गर्न अहिले देखि आफुलाई तयार बनाउदै लैजाने दिशामा अग्रसर रहने ।
- भौतिक विकास र सामाजिक विकासलाई समान भार र महत्वका साथ अगाडी बढाउन परम्परागत कार्यक्रम भन्दा पनि सुचना प्रविधिको विकासले ल्याएको प्रविधिमैत्री विकास र समावेशि विकासको मांगलाई सम्वोधन हुने गरी समयसापेक्ष कार्यक्रमको पहिचान गरी सन्तुलित विकासमा जोड दिनु पर्ने ।
- गाउँपालिकाले पनि समावेशिताको सिद्धान्तलाई सुदृढ बनाउन गाउँ भित्र वाल संजाल तथा बाल क्लव गठन, महिला संजाल गठन , दलित तथा पिछडिएका बर्गको मूलप्रवाहिकरण ,युवा लक्षित विकास कार्यक्रम , फरक क्षमता भएका व्यक्तिहरुको सर्वाङ्गिण विकासका कार्यक्रमहरु, जेष्ठ नागरिक हेरचाह केन्द्र स्थापना लगायत अनुभूती गर्न सकिने खालका कार्यक्रमहरुको माध्यमबाट समाजका आर्थिक तथा सामाजिक रुपमा र उचीत अवसरबाट वञ्चीतिकरणमा परेका बर्ग, समुदायको सामाजिक संरक्षण (Social Protection) का क्षेत्रमा स्पष्ट कार्यक्रम र मार्गचित्र सहित अगाडी बढनु पर्दछ ।
- छार्का ताङसोङ गाउँपालिका परम्परागत धार्मिक पर्व, जात्रा, रीति रिवाजका दृष्टिले सम्वृद्ध सास्कृतिक पहिचान बोकेको अत्यन्त प्राचीन गाउँ भएकोले पर्यटन प्रवर्द्धनको लागि धार्मिक तथा सास्कृतिक क्षेत्र, पाटी ,पौवा , सत्तल, ईनार , पोखरी , सीपको विकास र संरक्षणका लागि सरोकारवालाहरुसंग सहकार्य गरी सघन कार्यक्रम संचालन गरी गाउँको गरीमा र पहिचान कायम गर्न विशेष ध्यान दिनु पर्ने ।

- एक पुस्ताबाट अर्कोल पुस्तामा सर्दै आएको परम्परागत सीप, कौशल , ज्ञानको सम्वर्धन तथा संरक्षण गरी सास्कृतिक विरासतको जगेर्ना गर्न त्यस्ता सीप , ज्ञान , कौशल वोकेका परिवारहरु, व्यक्तिहरुको लगत खडा गर्ने , निजी क्षेत्रसंग सहकार्य गरी उनीहरुको पेशालाई मर्यादित र व्यवस्थित बनाउने तथा नया पुस्तामा त्यस्ता सीप हस्तान्तरण हुने गरी क्षमता विकास कार्यक्रम संचालन गर्ने , गाउँमा कोसेली पसल सन्चालनमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- परम्परागत कला, संस्कृतिको संरक्षणको माध्यमले गाउँको ऐतिहासिक सास्कृतिक पहिचान झल्काउन विशेष क्षेत्र (Special Zone) तोकेर भवन निर्माण गर्नु पर्ने व्यवस्था सहित सास्कृतिक उपरको (Cultural Suburb) को विकास गर्न नया जग्गा एकीकरण आयोजना सञ्चालन गर्नु पर्ने ।
- छार्का ताङसोङ गाउँ भित्रको विशिष्ट पहिचान बोकेको प्राचीन गाउँ भएकोले आधुनिक विकाससंग संगै प्राचीन सम्पदाहरुको संरक्षण गरी यस्ता सम्पदा लोप हुनवाट बचाउन गाउँपालिकाको संगठन संरचना भित्र विषय विज्ञ सहितको सम्पदा संरक्षण तथा विकास ईकाइ स्थापना गर्नु पर्ने ।
- स्वस्थ सफा हराभरा तथा वातावरणीय दृष्टिले समुन्नत गाउँको परिकल्पना साकार पार्न वातावरण संरक्षण र सम्वर्द्धनका स्पष्ट नीति र कार्यक्रमको माध्यमले सरसफाईलाई घरपरिवार तहसम्म संस्थागत गर्न विद्यालय केन्द्रीत अभियान (School Lead Campaign) संचालन गर्नुका साथै सामुदायिक र सामाजिक संघसंस्थाहरुको सहयोगमा व्यापक जनपरिचालनको संस्थागत व्यवस्था मिलाउने ।
- गाउँपालिकाले आफ्नो बर्तमान कार्यवोझको यथार्थ अध्ययन र विश्लेषण गरी आन्तरिक आम्दानीको तोकिएको प्रतिशत खर्चले धान्न सक्ने गरी कर्मचारीको उपयुक्त आकार (Right Sizing) गर्ने र सोही आधारमा क्षमता विकासका सघन कार्यक्रम संचालन गर्नु पर्ने । प्रत्येक पदको स्पष्ट कार्यविवरण तयार गर्ने र जो कर्मचारी जुन पदको लागि नियुक्त भएको छ सोही पदको कार्यविवरणका आधारमा कामको जिम्मेवारी तोक्ने र कार्यसम्पादन मूल्यांकन सचकको आधारमा गर्ने व्यवस्था लागु गर्नृ पर्ने ।
- शहरी गरिवी न्यूनीकरणका लागि गरिव परिवारको पहिचान गरी सीपमूलक र आयमूलक विशेष कार्यक्रमहरु संचालन गरी मानवीय मूल्य मान्यता र स्वाभीमानलाई संरक्षण गर्न ध्यान दिनु पर्ने ।
- गाउँपालिकाले जति सुकै ठूलो सपना देखे पनि त्यो साकार पार्न आम्दानीका श्रोतहरुको भरपर्दो आधार खडा गर्नै पर्दछ । राजस्व प्रशासनको सुदृढीकरण गरी राजस्व बृद्धि तर्फ गाउँपालिकाले सक्षम राजस्व प्रशासन ईकाई गठन गर्न जरुरी छ । गाउँपालिकाले आफ्नो क्षेत्रमा लगाउन पाउने कतिपय कर राजस्वको परिचालन अवस्था अत्यन्त कमजोर रहेको पाईन्छ ।

- गाउँपालिकाको आय संकलनको लागि जारी गरीने नगदी रसिद नियन्त्रणको जिम्मेवारी सहित कार्यालय र बडा तहवाट संकलन हुने सवै किसिमका राजस्वका श्रोतहरुवाट संकलन हुने आयहरुको मासिक लेखापरिक्षण पद्धती बसाल्न सके वार्षिक आय प्रक्षेपणको यथार्थ अवस्थाबारे गाउँपालिका बोर्डलाई समयमा नै जानकारी हुने र यस्ले खर्च व्यवस्थापन तथा श्रोत परिचालनमा सहयोग पुग्न जाने र गाउँपालिकाको आन्तरिक नियन्ण प्रणाली बलियो भई वित्तिय अनुशासन कायम गर्न टेवा पुग्नेछ ।
- गाउँपालिकाको नागरिक बडापत्रल सवै सेवाग्राहीले सहज र सरल रुपमा पढन र बुझ्न सक्ने आकार र अक्षरमा तयार गरी उपयुक्त स्थानमा राख्ने व्यवस्था मिलाउने । नागरिक बडापत्रमा उल्लेख भए अनुसार तोकिएको समय भित्र सेवा पाउने सुनिश्चित गर्ने र सेवा सुविधा सम्वन्धमा सेवाग्राहीको गुनासो सुन्ने र तत्काल सम्वोधन गर्ने संस्थागत व्यवस्था मिलाउने ।
- नागरिक बडापत्र अनुसार सेवा पाईन्छ भन्ने विश्वास सेवाग्राहीमा जगाउन र तोकिएको जिम्मेवारी निर्वाह गर्नु हाम्रो कर्तज्य हो भन्ने दायित्व वोध सेवा प्रदायकलाई अनुभूती गराउन क्षतिपूर्ती सहितको नागरिक बडापत्रको अवधारणालाई व्यवहारमा लागु गर्ने र नागरिक बडापत्र बडा कार्यालय सम्म विस्तार गर्ने ।
- गाउँपालिकाबाट प्रदान गरीने विभिन्न सार्वजनिक सेवा प्रवाहमा जनताको प्रतिक्रिया र सन्तुष्टि मापनका लागि सामुदायिक अंक पत्र (Community Score Card), वहिर्गमन अभिमत (Exit Poll) र नागरिक सन्तुष्टि मापन (Citizen Report Card) को प्रयोग वडातहसम्म गर्ने व्यवस्था लागु गरी सेवाग्राहीहरुवाट प्राप्त पृष्ठपोषणको आधारमा कर्मचारीको मूल्यांकन गर्ने ,सेवाको गुणस्तर सुधार गर्ने ।
- गाउँपालिकाको बर्तमानमा क्रियाशील रहेको वेवपेजलाई थप परिमार्जन गरी गाउँपालिका सम्वन्धी सूचना तथा जानकारीहरु , सवै प्रकारका प्रतिवेदनहरु , आयव्यय र राजस्वका विवरणहरु , विभिन्न अध्ययनका प्रतिवेदनहरु, लेखापरिक्षण प्रतिवेदनहरु, गाउँपालिका तथा गाउँपरिषदका निर्णयहरु, गाउँक्षेत्रमा उपलज्ध सार्वजनिक सुविधाहरु , सूचनाको हक कार्यान्वयनका लागि गाउँपालिकाबाट प्रकाशित गर्नु पर्ने सूचनाहरु , सामाजिक सुरक्षा कार्यक्रमका लाभान्वित व्यक्तिहरुको पहिचान खुल्ने विवरण, पंजीकरणका विवरण, योजनाका प्रगती विवरणहरु अपलोड गर्ने भरपर्दो प्रणालीको माध्यमले पारदर्शिता कायम गर्नु पर्ने ।
- गाउँपालिकाबाट प्रदान गरीदै आएका कतिपय सेवाहरु अनलाईन मार्फत प्रदान गर्न सकिने संभावनालाई मूर्त रुप दिने तर्फ ठोस कदम चाल्नु पर्ने र वेवपेजमा अनलाईन गुनासो राख्न पाउने गरी सो फिचर थप गर्ने ।
- गाउँपालिकाको लागि तयार गरीएको ३ बर्षे क्षमता विकास कार्ययोजना आगामी आ.व. २०७६।७७ देखि कार्यान्वयनमा आउने गरी प्रस्तावित गरिएको भए पनि यस्मा पहिचान र सिफारिश गरिएका संगठनात्मक र प्रशासनिक सुधारका शुरु गर्न सकिने खालका कामहरु कार्यान्वयनमा लैजान प्रारंभिक कामहरु थालनी गर्ने ।

- अनुगमनको लागि गाउँपालिकाले तालिम संचालनको लागि करार गरिएको संस्था तथा प्रशिक्षकबाट तालिमको विषयवस्तु अनुसार उपलव्धी मापन गर्न सकिने सूचकहरु उल्लेख गरी समझोता गर्नेछ र यी सूचकहरुको आधारमा सम्वन्धित पदाधिकारी तथा संस्थाहरु बाट अनुगमन गरीनेछ । अनुगमनमा संलग्न पदाधिकारीहरुले सुचकमा आधारित अनुगमन प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । संघीय मामिला तथा स्थानिय बिकास मन्त्रालय, जनशक्ति विकास शाखा तथा अन्य साझेदार संस्थाहरुमा समेत संचालित कार्यक्रमहरुको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नेछ ।
- गाउँकार्यपालिकाको कार्यालयले क्षमता विकास कार्यक्रम कार्यान्वयन, समन्वय र सहजीकरणको लागि एक अधिकृतको जिम्मेवारीमा जनशक्ति विकास शाखाको गठन गर्नु पर्नेछ । जनशक्ति विकासको सवै क्रियाकलापहरु संचालन गर्ने तथा प्रतिवेदन तयारी, वैठक व्यवस्थापन, अनुगमन एवं समीक्षाका कामहरु गर्ने गरी कार्यविवरण सहितको जिम्मेवारी लिखित रुपमा दिनु पर्नेछ ।

१८ उपसंहार (Conclusion)

स्थानीय तहहरुले नयां सोच र श्रृजनशीलतालाई आधार मानेर विकसित प्रविधि र समयको मांग अनुसार परिवर्तनलाई स्वीकार गर्दै अगाडी बढनु पर्ने चुनौती अवका दिनमा देखिन थालेको छ । गाउँपालिकाको कार्यक्षेत्र र कार्य जिम्मेवारीमा वढोत्तरी भए संगै गाउँ विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरुमा व्यापक पुनरावलोकन आवश्यक भई सकेको छ । स्थानीय तहहरु अवका परिवर्तन र विकासका संवाहकको रुपमा स्थानीय सरकारको भूमीकामा रुपान्तरणको लागि तयार अवस्थामा रहनु पर्दछ ।

छार्का ताङसोङ गाउँपालिकालाई सक्षम सबल र गतिशील गाउँपालिकाको रुपमा अगाडी बढाउन तथा आम गाउँवासिहरुलाई गाउँपालिकाबाट उपलब्ध गराउनु पर्ने सेवा सुबिधाहरु छिटो छरितो एवं प्रभाबकारी रुपमा झन्झटरहित किसिमले उपलब्ध गराउने जिम्मेवारी पूरा गर्दै एक आधुनिक र विकसित नगर निर्माणका काममा प्रभावकारीता ल्याउन नगरपालिकाको अवरोधको रुपमा रहेका प्रणालीगत र संस्थागत समस्या/चुनौतीहरुको सहि पहिचान र समाधानका लागि उपयुक्त कदम चाल्न गाउँपालिकाले आफ्ना साधन श्रोतको सहि उपयोगमा ध्यान केन्द्रीत गर्नै पर्दछ । योग्य र सक्षम व्यक्तिलाई रुची र विज्ञता भएको क्षेत्रको जिम्मेवारी र नेतृत्व सुम्पिन सकिएमा सोबाट छिटो नतीजा प्राप्त हुने र संगठन भित्र अन्य कर्मचारीलाई पनि काममा रुची र प्रोत्साहन मिल्न सक्दछ ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय संरचनामा गठन हुने स्थानीय तहको सरकार र सो सरकारको कार्य जिम्मेवारी सम्पादन गर्न अहिलेका गाउँपालिकाहरुले आफ्नो परम्परागत सोच, कार्यशैली , व्यवहारमा समयसापेक्ष परिबर्तनका साथै गतिशिल र कार्यमूलक

संगठन निर्माणमा ध्यान केन्द्रीत गनै पर्दछ । छार्का ताङसोङ गाउँपालिकाको प्रस्तुत क्षमता विकास कार्ययोजनाले आगामी दिनमा जनअपेक्षा अनुसारको सेवाग्राही मैत्री ,जिम्मेवारी र दायित्व निर्वाह गर्न सक्षम गतिशील गाउँपालिका निर्माणमा योगदान दिन सक्ने आशा लिईएको छ । यो क्षमता विकास प्रतिवेदनमा औल्याइैएका सुधारात्मक पक्षलाई संगठनको हितमा एक सशक्त आधारको रुपमा प्रयोग गर्न सकिएमा मात्र यो प्रतिवेदनको औचित्य रहन जान्छ । यस्को सफल कार्यान्वयनबाट सिकिएका पाठहरुमा सुधार र प्रेरणा लिदै ३ वर्ष पछि अर्को अध्ययन प्रतिवेदन तयार गर्न सकिएमा मात्र क्षमता विकास कार्यक्रमको निरन्तरता रहने छ ।

प्रस्तुत क्षमता विकास कार्ययोजनाको ईमान्दारीपूर्वक संस्थागत स्वामित्व ग्रहण र कार्यान्वयनको आवश्यकता यस्को पूर्व सर्त हो । गाउँपालिकाको आगामी निर्वाचनबाट निर्वाचित भई आउने पदाधिकारीहरुको लागि समेत यो क्षमता विकास सम्वन्धी प्रतिवेदन संगठनको वस्तुस्थितिको अध्ययन,समस्याहरुको पहिचान र विश्लेषणका साथै नगरपालिकाको अग्रगामी सुधारको मार्गमा एक भरपर्दो दस्तावेज हुन सक्ने विश्वास लिन सकिन्छ ।

अनुसूची १

गाउँ सभाको काम, कर्तव्य र अधिकार

क) स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँ सभाको काम, कर्तव्य र अधिकार

- गाउँपालिकाले पेश गरेको बजेट, योजना तथा कार्यक्रमहरु पारित गर्ने ।
- गाउँपालिकाले प्रस्ताब गरेको कर, दस्तुर, शुल्क आदि लगाउने तथा उठाउने सम्बन्धी प्रस्ताब पारित गर्ने ।
- गाउँपालिकाले प्रस्ताब गरेको ऋण लिने वा अचल सम्पत्ति बेचबिखन वा हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताब पारित गर्ने ।
- गाउँपालिकाको लेखापरीक्षण प्रतिबेदनबाट कायम भएका बेरुजु माथि छलफल गरी प्रचलित कानून बमोजिम नियमित गर्न नमिल्ने बेरुजुको हकमा बेरुजु फछ्र्यौटको लागि आवश्यक कारबाही गर्न गाउँपालिकालाई निर्देशन दिने ।
- गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट ब्यहोरिने गरी प्रस्ताब गरेको कर्मचारीको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधामा आवश्यकता अनुसार स्वीकृती दिने ।
- गाउँपालिकाको प्रशासनिक कार्यहरुको मूल्यांकन गरी गाउँपालिकालाई आवश्यक निर्देशन दिने ।
- गाउँ क्षेत्र भित्र संचालित विकास निर्माण कार्यहरुको मूल्यांकन गरी आवश्यक निर्देशन दिने ।
- गाउँपालिकाको ऐन नियम बिनियम स्वीकृत गर्ने ।
- लेखा समिति , पदपूर्ति समिति तथा अन्य बिषयगत समितिको गठन गर्ने र तोकिएको अन्य काम गर्ने ।

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार : गाउँपालिकाले गर्न तोकिएका कामलाई मुख्य रुपमा दुई भागमा बाडिएको छ। पहिलो **अनिवार्य कामहरु** र दोश्रो **ऐच्छीक कामहरु**। ऐनमा उल्लेखित देहाय अनुसार विषयगत क्षेत्रका कामहरु अनिवार्य जिम्मेवारी अन्तर्गत रहेका छन ।

गाउँ प्रहरी

- गाउँ प्रहरीको गठन ,संचालन ,व्यबस्थापन ,नियमन तथा प्रहरी सम्बन्धी नीति ,कानून र मापदण्ड निर्माण तथा कार्यान्वयन ।

अर्थ सम्बन्धी

- गाउँपालिकाको बार्षिक बजेट,योजना र कार्यक्रमहरु तयारगरी गाउँसभामा पेश गर्ने ।
- आय र व्ययको लेखा र तत् सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।
- स्वीकृत बजेटको परिधिभित्र रही गाउँपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने
- गाउँ सभाले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि उठाउने ।

भौतिक विकास सम्बन्धी

- गाउँपालिका क्षेत्रको भू-उपयोग नक्सा बनाई औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा खानेपानी र ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको संचालन र मर्मत संभार गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रभित्रका विभिन्न ठाउँहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको विकास गर्ने, गराउने ।
- गाउँपालिकाका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको ब्यबस्था गर्ने,
- गाउँपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास गर्ने, गराउने ।
- सामुदायिक भवन तथा विश्राम गृह बनाउने ।

जलस्रोत, वातावरण र सरसफाई सम्बन्धी

- गाउँपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ, ढुङ्गेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने, गराउने ।

- गाउँपालिका क्षेत्रमा सिंचाई योजना लागु गर्नु पर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा सम्भाबित नदी कटान, बाढी तथा भू-क्षय आदिको नियन्त्रण र रोकथाम गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा हुने जल, बायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रभित्रका बन, बनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम संचालन गर्ने, गराउने ।
- फोहरमैला संकलन, ढुवानीको उचित ब्यबस्था लगाउने सम्बन्धी कार्यको संचालन र ब्यबस्थापन गर्ने गराउने ।
- गाउँपालिका क्षेत्रमा बिद्युत उत्पादन तथा बितरण गर्ने, गराउने ।

<u>शिक्षा तथा खेलकुद विकास सम्बन्धी</u>

- आफ्नो स्रोतबाट गाउँपालिका क्षेत्रमा पूर्व प्राथमिक विद्यालय स्थापना, संचालन र ब्यबस्थापन गर्ने तथा स्थापना गर्न अनुमती दिने ।
- गाउँपालिका क्षेत्रभित्र संचालन भएका विद्यालयहरुको संचालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गर्ने ।
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पिडित जनजातीहरुका छात्रछात्राहरुलाई छात्रबृत्ति दिने ब्यबस्था मिलाउने ।
- गाउँपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा पुस्तकालय तथा बाचनालयको स्थापना, संचालन तथा ब्यबस्थापन गर्ने, गराउने ।
- खेलकुद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने गराउने ।
- गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदको विकास गर्ने,

<u>संस्कृति सम्बन्धी</u>

- गाउँपालिका क्षेत्र भित्रका साँस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरी तिनीहरुको मर्मत संभार गरी संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रभित्रका पुरातात्विक बस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं प्रयोग गर्ने, गराउने ।

निर्माण तथा यातायात सम्बन्धी

- गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारको जिम्मामा रहेको सडक बाहेक आवश्यक पर्ने कच्ची, पक्की सडक, पुल, कल्भर्टहरुको योजना बनाई निर्माण तथा मर्मत संभार गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा, टाङ्गा, ट्रक आदिको पार्किङ्ग व्यवस्था गर्ने, गराउने ।
- गाउँपालिकाको यातायात आवश्यकतालाई बिचार गरी ठेला, रिक्सा, टाङ्गा आदिको अधिकतम हद तोक्ने र तिनीहरुलाई दर्ता गरी नम्बर दिने ।

स्वास्थ्य सेवा सम्बन्धी

- गाउँस्तरीय अस्पताल, आयुर्बेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको संचालन र ब्यबस्थापन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरु खोल्ने, संचालन र ब्यबस्थापन गर्ने, गराउने ।
- परिवार नियोजन, मातृशिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या, शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।
- महामारी तथा संक्रमण रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चिज बस्तुको सार्बजनिक प्रयोगमा रोक लगाउने वा हटाउने ।
- जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य बस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने

समाज कल्याण सम्बन्धी

- बेवारिस मृतक ब्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरुको लागि अनाथालयको व्यवस्था गर्ने, गराउने ।
- महिला तथा बालबालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेशा, ब्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने, गराउने ।

उद्योग तथा पर्यटन सम्बन्धी

- गाउँपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रबर्द्धनमा उत्प्रेरकको काम गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्र भित्रको प्राकृतिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, बिस्तार र सदुपयोग गर्ने, गराउने ।
- गाउँपालिकका क्षेत्रको सडकको दायाँ, बायाँ र अन्य आवश्यक ठाउँमा बृक्षारोपण गर्ने ।

- कान्जी हाउस, पशु बधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।
- गाउँपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने ।
- मसानघाटको निर्धारण र व्यबस्थापन गर्ने ।
- ब्यापार तथा बाणिज्यको विकासको लागि काम गर्ने ।
- गाउँपालिकाको बिनियम तर्जुमा गरी नगर परिषद्मा पेश गर्ने ।
- दैबी प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।
- गाउँपालिका क्षेत्रभित्रको जनसंख्या तथा घर जग्गाको लगत राख्ने ।
- प्रचलित कानून बमोजिम जन्म, मृत्यु तथा अन्य ब्यक्तिगत घटना दर्ता गर्ने ।
- गाउँपालिका क्षेत्र भित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरुको लगत राख्ने र तिनीहरुको उपयुक्त ठाउँमा राख्ने ब्यबस्था गर्ने ।
- बहुला तथा छाडा कुकुर, पशुको ब्यबस्थापन गरी सार्बजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपंक्षीको गाड्ने ठाउँ तोक्ने ।
- खतरा उत्पन्न गर्ने रुख काट्न लगाउने, घर, पर्खाल आदि भत्काउन लगाउने ।
- गाउँपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।
- गल्ली तथा सडकमा बत्तिको प्रबन्ध गर्ने ।
- गाउँपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृत दिने ।
- हाट बजार, मेला आदिको प्रबन्ध गर्ने, गराउने ।
- बारुण यन्त्रको संचालन र ब्यबस्थापन गर्ने गराउने ।
- कुनै बिशिष्ट ब्यक्तिलाई नगरेको सम्मानार्थ बिशिष्ट ब्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।
- गाउँपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरु गर्ने, गराउने ।
- सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने ।
- सचिबको कार्यको मूल्यांकन गरी सिफारिस सहित अख्तियारवाला समक्ष पठाउने ।
- गाउँपालिकालाई आय आजृन हुने सहकारी, औद्योगिक तथा ब्यबसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा संचालन गर्न प्रोत्साहित गर्ने, गराउने ।
- सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने, गराउने ।
- प्रचलित कानून बमोजिम विविध तोकिएका अन्य कामहरु गर्ने ।

माथि लेखिएका काम, कर्तब्यको अतिरिक्त गाउँपालिकाले निम्न बमोजिमको ऐच्छिक कामहरु समेत गर्न सक्नेछ ।

- गाउँपालिका क्षेत्रभित्र स्तयुक्त बिद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक ब्यबस्था मिलाउने ।

- गाउँपालिका क्षेत्रबाट निरक्षता निर्मूल पार्न साक्षरता कार्यक्रमहरु संचालन गर्ने ।
- गाउँपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा पुस्तकालय तथा बाचनालयहरु स्थापना गरी संचालन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने ।
- निर्देशित जग्गा विकास, भू-उपयोग जस्ता कार्यहरुको माध्यमबाट गाउँको बनावट तथा विकासलाई ब्यबस्थित तुल्याउने ।
- बृद्ध तथा अनाथ आश्रमहरुको ब्यबस्था गर्ने ।
- विद्युत आपूर्ति र संचार सुबिधाको ब्यबस्था मिलाउने ।
- गाउँपालिकामा मनोरन्जन स्थल, कृडास्थल, संग्रहालय, चिडियाखाना, पार्क आदिको ब्यबस्था मिलाउने ।
- बेरोजगारी कम गर्न बेरोजगारहरुको तथ्यांक संकलन गरी रोजगारमूलक काइृक्रमहरु संचालन गर्ने ।
- नदी प्रदुषण नियन्त्रण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने र शब बाहनको ब्यबस्था मिलाउने
- दैबीप्रकोपबाट हुने धनजनको क्षती कम गर्न निरोधात्मक र उद्धारका कार्यहरु गर्ने

अनुसुची : २

गाउँपालिका गाउँप्रमुख को काम कर्तव्य र अधिकार

क) गाउँ प्रमुखको काम, कर्तव्य र अधिकार

- गाउँ सभा र गाउँकार्यपालिकाको बैठक बोलाउने ।
- गाउँ सभा र गाउँकार्यपालिकाको बैठकमा आवश्यक प्रस्ताब र कागजात पेश गर्ने, गराउने
- गाउँपालिकाको आम्दानी, खर्चको हिसाब र अन्य कागजपत्रहरु सुरक्षित राख्ने, राख्न लगाउने ।
- गाउँपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
- गाउँपालिकाको दैनिक प्रशासनको रेखदेख र नियन्त्रण गर्ने, गराउने ।
- प्रचलित कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको हेरबिचार तथा मर्मत संभार गर्ने, गराउने ।
- गाउँपालिकाको बजेट र योजना तर्जुमा गर्न आवश्यक ब्यबस्था मिलाउने ।
- उपप्रमुख र सदस्यहरुलाई बिषयगत कार्य बिभाजन गर्ने तथा उपप्रमुख, सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत लाई काज खटाउने ।

- सात दिन भन्दा बढी समय गाउँपालिकामा उपस्थित हुन नसक्ने भएमा उपप्रमुखलाई कार्यभार दिने र उप प्रमुख पनि नभएमा उमेरको आधारमा जेष्ठ सदस्य वा अन्य कुनै सदस्यलाई कार्यभार दिने । वडा सदस्यहरुको कामको बाँडफाँड गर्ने ।

ख) प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार

- प्रमुखको निर्देशनमा गाउँपालिकाको सम्पूर्ण प्रशासनिक काम कारबाही गर्ने ।
- प्रमुखको निर्देशनमा स्वीकृत गाउँ विकास कार्यक्रमको कार्यान्वयन गर्ने ।
- गाउँपालिका अन्तरगत निर्माण हुने खर्चको हिसाब राखी निर्माणको हिसाब फरफारक गर्न पेश गर्ने ।
- उपभोक्ता समुह, गैर सरकारी संस्था वा अन्य निकायबाट सम्पन्न योजनाको अभिलेख दुरुस्त राख्ने ।
- गाउँपालिकाको आय, व्ययको हिसाब राख्ने ।
- गाउँपालिकाको स्वीकृत बजेटको परिधिभीत्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने ।
- गाउँपालिकाको हिसाबको लेखापरीक्षण गराउने,
- बेरुजु फछ्र्यौट गराउने र बेरुजु रकम कानुन बमोजिम असुल उपर गर्ने, गराउने ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने ।
- नेपाल सरकारबाट खटी आएका र गाउँपालिकाका सम्पूर्ण कर्मचारहिरुको रेखदेख र नियन्त्रण गर्ने ।
- गाउँपालिकाको बैठकमा उपस्थित हुने र आवश्यक परेको काम गर्ने, गराउने ।
- गाउँपालिकामा दायर भएका मुद्दाको मिसिल जिम्मा लिने सम्बन्धमा आवश्यक व्यबस्था मिलाउने ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी गाउँपालिका क्षेत्रभित्रको जनसंख्याको लगत दुरुस्त राख्ने वा राख्न लगाउने ।
- गाउँ सभा र गाउँपालिकाको बैठकमा उपस्थित भई निर्णयको माइन्युटिङ्ग गर्ने, निर्णय पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
- गाउँपालिका अन्तरगतका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने ।
- प्रचलित कानून बमोजिम तोकिएका अन्य कामहरु गर्ने ।

अनुसूचीः ३

छार्का ताङसोङ गाउँपालिकाबाट जारी नागरिक बडापत्र

अनुसूची :४

गाउँपालिकाको संगठनात्मक स्वरुप



अनुसूची ५

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकारको सूची

क्र.सं.	**विषयहरु**
१.	गाउँ प्रहरी
२.	सहकारी संस्था
३.	एफ.एम.सञ्चालन
४.	स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन ।
५.	स्थानीय सेवाको व्यवस्थापन ,
६.	स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन ,
७.	स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु ,
८.	आधारभुत र माध्यामिक शिक्षा ,
९.	आधारभूत स्वास्थ्य र सरसफाई ,
१०.	स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ,
११.	स्थानीय सडक, ग्रामीड सडक, कृषि सडक, सिंचाइ ,
१२.	गाउँसभा, गाउँसभा, जिल्लासभा, स्थानीयअदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३.	स्थानीय अभिलेख व्यवस्थापन
१४.	घर जग्गा धनी पुर्जा वितरण
१५.	कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

अनुसूची : ६

नेपालको संविधान वमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

क्र.सं.	विषयहरु
१.	सहकारी
२.	शिक्षा, खेलकुद र पत्रपत्रिका
३.	स्वास्थ्य
४.	कृषि
५.	विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु
६.	सेवा शुल्क,दस्तुर,दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी,पर्यटन शुल्क
७.	वन,जंगल,वन्यजन्तु,चराचुरुंगी,जलउपयोग,वातावरण,पर्यावरण तथा जैविक विविधता
८.	खानी तथा खनिज
९.	विपद् व्यवस्थापन
१०.	सामाजिक सुरक्षा र गरिवी निवारण
११.	व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
१२.	पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३.	सुकुम्बासी व्यवस्थापन
१४.	प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी
१५.	सवारी साधन अनुमती
१६.	ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
१७.	बेरोजगारको तथ्याङ्क संकलन
१८.	कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
१९.	खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०.	विपद् व्यवस्थापन
२१.	जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२.	भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

अनुसुची : ७

स्थानीय सरकार संचालन ऐन बमोजिम वडाको काम,कर्तव्य र अधिकारको विवरण (मुख्य मुख्य)

(क) <u>योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन</u>

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरवाट योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने ।

(२) वडाभित्रका क्रियाशील राजनीतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था लगायत सामूदायिक एवं सामाजिक संघ संस्था, निकायहरुसँग परामर्श, छलफल, सहभागितामूलक प्रक्रियाको अवलम्वन गर्ने ।

(३) वडाभित्रका योजनाहरुको कार्यान्वयन,अनुगमन गर्ने ।

(४) टोल विकास संस्थाको गठन र परिचालन गर्ने । वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने ।

(५) वडाभित्रका आयोजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

(ख) <u>तथ्याङ्क अद्यावधिक तथा संरक्षण</u>

(६) निजी घर तथा घर परिवारको लगत राख्ने, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा तथा प्राचीन स्मारक, सार्वजनिक तथा सामूदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने, खुल्ला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, वाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिल आदिको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

(ग) <u>विकास कार्य</u>

(७) **<u>शिक्षा</u>** : वालउद्यानको व्यवस्था र व्यवस्थापन, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भीक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामूदायिक सिकाई केन्द्र, बालक्लव तथा बाल सञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(८) **स्वास्थ्य:** वडा तहको स्वास्थ्य केन्द्र उपकेन्द्रको व्यवस्थापन गर्ने, वालवालिकाहरुलाई वि.सि.जि.,पोलियो, भिटामिन"ए"को व्यवस्था गर्ने, पोषण कार्यक्रम सञ्चालन गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना विकास, स्वास्थ्य सूचना कार्यक्रम सञ्चालन गर्ने, शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने गराउने, सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण तथा व्यवस्थापन गर्ने गराउने ।

(९) **खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन:** वडास्तरीय सामूदायिक धाराको प्रबन्ध, कुवा, इनार, पोखरीको निर्माण, संरक्षण, गुणस्तर नियमन गरी नगरपालिकालाई जानकारी गराई सहयोग गर्ने गराउने, घरवाट निकासा हुने फोहोर मैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावर व्यवस्थापन, सतही पानीको निकास गर्ने, पानीको स्रोत अर्थात मूलको संरक्षण (वृक्षारोपण, तटबन्ध र नदी नियन्त्रण) गर्ने गराउने, फोहोरमैला गर्नेलाई सम्बन्धित ऐन अनुसार जरिवाना गर्ने ।

(१०) **कृषि विकास**: कृषि तथा फलफूल नर्सरीको स्थापना तथा समन्वय र प्रवर्द्धन गर्ने, वडास्तरीय अगुवा कृषक तालिम अभिमुखिकरण गर्ने, कृषि मलको माग सङ्कलन गर्ने र कृषिमा लाग्ने रोगहरुको विवरण तयार गरी नगरपालिकामा प्रस्तुत् गर्ने ।

(११) **पशुपंछी विकास तथा व्यवस्थापन:** पशुपंछी विकास, छाडा चौपाया व्यवस्थापन, वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

(१२) **सांस्कृतिक प्रवर्द्धन:** स्थानीय समूदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्ने गराउने, स्थानीय मौलिकता झल्कने सास्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(१३) **खेलकुद:** वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अन्तर विद्यालय तथा बालक्लवहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(१४) **यातायात:** वडा क्षेत्रभित्रको वाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने, वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने, बसपार्कको सरसफाई गर्ने, बाटोघाटोको वाढी पहिरो पन्छाउने ।

(१५) **उद्योग:** घरेलु उद्योगको लगत सङ्कलन, सम्भाव्यता ,घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र नगरपालिकामा प्रतिवेदन गर्ने ,जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(१६) **व्यक्तिगत घटना दर्ता:** प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाउँपालिकामा प्रतिवेदन पेश गर्ने र जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(१७) **सामाजिक सुरक्षा:** सामाजिक सुरक्षा भत्ता विवरण गर्ने, अभिलेख अद्यावधिक गर्ने, बालपोषण तथा बाल संरक्षण सम्बन्धि काम गर्ने ।

(१८) **सामाजिक तथा आर्थिक सशक्तीकरण:** वडालाई बालमैत्री बनाउने, वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक तथा आर्थिक उत्थान सम्बन्धि काम गर्ने,

विभिन्न समुदायका विचमा सामाजिक सदभाव र सौहाद्रता कायम गर्ने, वालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, वालश्रम, मानव वेचविखन, निरक्षरता आदि जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने ।

(१९) <u>कर सम्बन्धी कार्यहरु</u>: गाउँपालिका वडाले प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिश दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा राख्ने र सङ्कलन गर्ने तथा सम्बन्धित नगरपालिकामा प्रतिवेदन गर्ने बुझाउने ।

२०) <u>असहाय, असक्त, वेवारिस व्यक्तीको सहायता र संरक्षण:</u> वडाभित्रको असक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने, वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने, सडक वालवालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने ।

(२१) <u>वन तथा वातावरण:</u> वडाभित्रको सामूदायिक वन, वन्यजन्तु सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्ने गराउने, वडालाई वातावरणमैत्री वनाउने ।

(२२) <u>प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गराउने</u>: प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त पूर्ण सरसफाई, वातावरणमैत्री तथा वालमैत्री शासन जस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।

(घ) <u>नियमन कार्य</u>

(२३) वडाभित्र सञ्चालित विकास योजना/आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने ।

(२४) घर निर्माण तथा गुणस्तर कार्य भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने ।

(२५) खाद्यान्न, माछा, मासु, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(२६) वडाभित्रको उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने ।

(२७) हाट वजारको व्यवस्थापन गर्ने गराउने ।

(२८) विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।

(ङ) सिफारिश वा प्रमाणित गर्ने:

वडाले देहाय वमोजिमका विषयमा सिफारिश वा प्रमाणित गर्ने

(१) नाता प्रमाणीत ।

(२) नागरिकताको सिफारिश र नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस ।

(३) वहाल करको लेखाजोखा सिफारिश ।

(४) कोठा खोल्न रोहवरमा वस्ने ।

(५) मोही लगत कट्टा सिफारिस ।

(६) घर जग्गा करको लेखाजोखा सिफारिश ।

(७) जन्म मिति प्रमाणीत ।

(८) व्यापार व्यवसाय वन्द भएको वा सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश ।

(९) मिलापत्र कागज गराउने, निवेदन दर्ता सिफारिस ।

(१०) विवाह प्रमाणित, अविवाहित प्रमाणित ।

(११) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस ।

(१२) आफ्नो अधिकार क्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणीत ।

(१३) घर पाताल प्रमाणित ।

(१४) व्यक्तिगत विवरण प्रमाणित ।

(१५) पुर्जामा घर कायम गर्ने सिफारिश ।

(१६) फरक फरक नाम थर जन्म मिति सिफारिश र प्रमाणित , दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश ।

(१७) नाम थर जन्म मिति संशोधनको सिफारिश ।

(१८) जग्गा धनीपुर्जा हराएको सफारिश ।

(१९) कागज र मन्जुरीनामा प्रमाणित ।

(२०) कित्ताकाट सिफारिश ।

(२१) संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश ।

(२२) जीवितसँगको नाता प्रमाणित ।

(२३) हकवाला वा हकदार प्रमाणित ।

(२४) नामसारी सिफारिश ।

(२५) जग्गाको हक सम्बन्धी सिफारिश (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा वाहेक) ।

(२६) मृतकसँगको नाता प्रमाणित सर्जीम सिफारिश ।

(२७) उद्योग ठाउँसरी सिफारिश ।

(२८) जीवित रहेको सिफारिश ।

(२९) पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिश र अनुमति ।

(३०) जग्गा मूल्यांकन सिफारिश प्रमाणित ।

(३१) विद्यालयको कक्षा वृद्धि सिफारिस ।

(३२) पालन पोषण सिफारिश ।

(३३) वैवाहिक अंगिकृत नागरिकता सिफारिश ।

(३४) आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित ।

(३५) विद्यालय ठाउँसारी सिफारिश ।

(३६) धारा तथा विद्युत जडान सिफारिस ।

(३७) प्रचलित कानून अनुसार प्रत्यायोजन अधिकार बमोजिमको अन्य सिफारिश वा प्रमाणित ।

(च) <u>विविध</u>

गाउँपालिकाले तोकि दिएका अन्य कार्य गर्ने ।

अनुसुची : ८

क्षमता विकास कार्ययोजना तयारी सन्दर्भ सामाग्रीहरुको सूची

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४
- सूचनाको हक सम्वन्धी ऐन २०६४
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९
- छार्का ताङसोङ गाउँपालिकाको गाउँसभा बाट स्वीकृत नीति,योजना,कार्यक्रम
- छार्का ताङसोङ गाउँपालिकाको पार्श्वचित्र
- छार्का ताङसोङ गाउँपालिकाको संगठन सुदृढीकरण प्रतिवेदन
- स्थानीय निकाय सार्वजनिक सुनवाई कायविधि २०६७
- स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७
- स्थानीय निकाय क्षमता विकास कार्यविधि २०६६
- Annual Strategic Implementation Plan (ASIP) 2016, LGCDP/MoFALD
- Local Body Fiscal Commision, Rular Municipal MCPM Results 2072
- नेपाल सरकारको १५ औं त्रि-बर्षिय योजना २०७५, रा.यो.आ.,
- नेपाल सरकारबाट मिति २०७३।११।२७ मा जारी ७४४ वटा स्थानीय तहको भौगोलिक सीमाना तथा वडा विभाजन सहितको विस्तृत विवरण
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईटमा रहेका सन्दर्भ सामाग्रीहरु
- छार्का ताङसोङ गाउँपालिका लगायत विभिन्न नगरपालिका/गाउँपालिकाहरुको वेवसाईटमा रहेका सन्दर्भ सामाग्रीको अध्ययन ,